## मौद्रिक नीतिलाई पत्याएन शेयरबजारले

काठमाडौँ । लामो समयदेखि मौद्रिक नीतिको पर्खाइमा बसेका शेयर लगानीकर्ताहरुमा मौद्रिक नीतिले कुनै उत्साह जगाउन सकेन । नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको मौद्रिक नीतिपछि बिहीबारको शेयरबजार ओरालो लागेर बन्द भएको छ । निरन्तर रुपमा घटिरहेको शेयरबजार पछिल्लो चरणमा मौद्रिक नीतिको आशामा रहेको थियो । शेयर लगानीकर्ता संघका अध्यक्ष उत्तम अर्यालले बाँकी ८ पेजमा

# ग्रेटर नेपाल

## राष्ट्रिय गौरवका आयोजना लथालिंग

काठमाडौं । राष्ट्रिय दृष्टिले निकै महत्वपूर्ण देखिएका आयोजनालाई सरकारले राष्ट्रिय गौरवका आयोजनाका रुपमा तोक्ने गरेको छ । कुल २१ व्टा राष्ट्रिय आयोजनामध्ये ११ वटाको काम अहिलेसम्म सम्पन्न हुन सकेको छैन । राष्ट्रिय गौरवका योजनाका लागि बजेट विनियोजन गरिए पनि बजेट कार्यान्वयन नहुँदा र कर्मचारी उदासीन रहँदा योजना समयमै बाँकी ८ पेजमा

वर्ष ७ अंक १३, २०७५ साल असार २९ गते शुक्रबार, नेपाल संवत् ११३८ (July 13, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# झर्दैछ सरकारको लोकप्रियताको ग्राफ

काठमाडौं । समृद्ध नेपाल सुखी नेपालीको सस्तो लोकप्रिय नारा दिएर समाजवादलाई गन्तव्य बनाएको भ्रम छरिरहेको केपी ओली नेतृत्वको शक्तिशाली कम्युनिस्ट सरकार आफ्नो चार महिने शिशु आयुमै सर्वत्र आलोचित मात्र बनेको छैन सरकारको काम कारबाही शैलीबाट आम जनतामा निराशा बढ्दै गएको छ । जब चलिरहेको अर्थव्यवस्थाले काम गर्दैन तब मानिसले विकल्प खोज्छ ।

स्रोतहरुको पुनर्वितरण मार्फत तल्लो श्रमजीवी जनताको उत्पादकत्व बढाउने र सरकारी संयन्त्रमार्फत त्यसको वितरण जिम्मेवारी वामपन्थीहरुले राख्छन् । अनि सम्पत्तिको अझै केन्द्रीकरणमार्फत ठूला पुँजीपतिहरुको हित रक्षा जसले ठूलै पैमानामा लगानीलाई प्रोत्साहन गर्छ । यस्तो लगानीले सिर्जना गर्ने लगानीको अवसर तल्लो वर्गमा पुग्ने गरी बजारले स्वतः वितरण गर्छ र पुँजी र श्रमको उत्पादकत्वमा वृद्धि हुन्छ एवं सम्पन्नता आउँछ । यस्तो सैद्धान्तिक प्रस्तावना बोक्नेलाई प्रचलित राजनीतिक शास्त्रले दक्षिणपन्थी विचार मान्छ । ओली सरकार अहिले यही सैद्धान्तिक प्रस्तावनामा हिँडिरहेकाले यसलाई कम्युनिस्ट सरकार भन्न सिद्धान्ततः मिल्दैन ।

गत स्थानीय, प्रदेश र संघीय संसदको निर्वाचनमा नेपाली वामपन्थीहरुले आफ्नो मान्यतालाई मतदातामाझ स्थापित गर्न सफल भए र दक्षिणपन्थी मान्यता खराब हो भनेर मतदातालाई विश्वासमा लिन सके । सशस्त्र माओवादी विद्रोहको एउटा धार विप्लव समूह जसले निर्वाचनलाई बहिष्कार गर्न मतदातालाई आह्वान गरेको थियो र रविन्द्र मिश्रवाला साझा विवेकशील पार्टीको स्टन्टबाजी समेत मतदातासामु अयोग्य सावित भए । निर्वाचन परिणाम खास गरी पुँजीवादीहरुको प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसका निम्ति हतोत्साहपूर्ण रह्यो । देशको समृद्धि, भ्रष्टाचारको अन्त्य, राष्ट्रियताको संरक्षण र सुशासनका लागि नेपाली मतदाताले वामपन्थी शक्तिलाई छानेको आँकलन गर्न सकिन्छ । नेपालमा कम्युनिस्टहरुको चुनावी विजय पहिलो पटक एकल बहुमतमा पुग्नु ऐतिहासिकता बनेको छ ।

कम्युनिस्टहरुको विजयले साख गुमाउँदै गएको नेपाली कांग्रेसको



राजनीतिक वर्चस्व समाप्त गऱ्यो भने उसले अंगिकार गरेको समाजवादी बाटोको प्रभाव समेत एकैपटक क्लिन स्विप भयो । सीमित नवधनाढ्यहरुको कब्जामा नेपालको आर्थिक विकासको ठूलो हिस्सा पुगेको छ र आम गरिबहरुको संख्या बढेको छ । देशको आर्थिक विकास दरको सूचकांकको ग्राफ झनै तल झर्दो छ । उपसहारा क्षेत्रका अफ्रिकी देशहरुपछि आम गरिबीमा नेपाल रहेको छ । गणतन्त्र स्थापनापछि नेपाली जनताले खोजेको सकारात्मक परिवर्तनलाई कांग्रेस नेतृत्वको अर्थनीति र त्यसलाई कार्यान्वयन गर्ने संरचनागत व्यवस्थाहरुले सम्बोधन गर्न नसक्नु नै कम्युनिस्टहरुको उदयको मूल कारण मान्न सकिन्छ । सत्ताका परम्परागत चालढालसँग जनता विरक्तिएका थिए । जनतामा व्याप्त यही निराशालाई भजाउन ओली, प्रचण्ड नेतृत्वका कम्युनिस्ट दल सफल भए र आफ्ना पक्षमा चुनावी लहर सिर्जना गरे । ठूला सहरदेखि दूरदराजका गाउँबस्तीमा कम्युनिस्ट पार्टीहरुप्रति जनाकर्षण अर्थराजनीतिक संकटले पनि काम गरेको बुझ्न सकिन्छ । समाजवादी विकासका लागि प्रशस्त सम्भावना र आफ्नो शक्ति र स्रोतको विकास गर्न र बजार विस्तार गर्न नेपालसँग धेरै कच्चा पदार्थहरुको स्रोत छ । भूराजनीतिक परिवेशका कारण पछि परेको नेपाललाई चीन र भारत दुवैसँग समदूरीको सम्बन्ध राख्दै सबल नेपाल चाहने मतदाताहरुले वैकल्पिक राजनीतिक शक्तिको खोजी गर्नु स्वाभाविक थियो ।

नेपालकै हाराहारीमा स्वतन्त्रता प्राप्त गरेका चीन र भारतले प्रगतिले नेपाली राजनीतिक नेतृत्वलाई खिज्याइरहेको थियो । पहिले देश सवल नबन्नुको कारक राजसंस्थालाई ठानियो र पहिलो संविधानसभाको निर्णयद्वारा त्यसको विधिगत अन्त्यको घोषणा गरियो । ०४६ सालको राजनीतिक परिवर्तनपछि प्रायः सदावहार सत्तामा देखिने नेपाली कांग्रेसको बीपी समाजवादमा खियामात्र लागेन, उसको राजनीतिलाई नेपाली जनताले ब्रह्मनालमा लम्पसार पारिदिनुलाई असामान्य घटना मान्न सकिँदैन । कांग्रेसले पुँजीवादी उदारीकरण र निजीकरणका नाममा देशका उद्योगधन्दाहरुलाई जसरी समाप्त बनायो त्यसले देशले बेरोजगारीको समस्या धान्न नसक्ने भयो । वस्तु उत्पादनको स्थिति शून्यमा पुग्यो र मुलुक विदेशी परनिर्भरताको चंगुलमा फस्न पुग्यो । त्यसकै परिणाम हो अहिले हरेक नेपाली जन्मँदा नै ३० हजार विदेशी ऋण थाप्लोमा लिएर जन्मन्छ । विश्व अर्थव्यवस्था धर्मराएको अवस्था र नयाँ अर्थव्यवस्थाको आकार आइनसकेको सन्दर्भमा नेपाली मतदातामा पनि यसप्रति प्रभाव देखिनु स्वाभाविक थियो । देशलाई झनै गरिब हुनबाट जोगाउन वामशक्ति विकल्पमा रोजिनु आश्चर्यजनक परिघटना थिएन । एमाले, माओवादी केन्द्रबाहेक अन्य दर्जनौं दलहरु विकल्पमा देखिए पनि चुनावी माहौलमा उनीहरु हराए । न त उनीहरुका प्रतिबद्धता पत्रहरुलाई मतदाताहरुले बाँकी ८ पेजमा

## पिकोन्ट जाग्दै



काठमाडौं । नेपाल प्रगतिशील स्वतन्त्र मजदुर महासंघ (पिकोन्ट) ले गत शनिबार आषाढ २३ गते आफ्नो राष्ट्रिय भेला सुरु गरेको छ । पिकोन्टका महासचिव केदार गिरीको अध्यक्षतामा सुरु भएको भेलाको नेकपा मालेका महासचिव सीपी मैनालीले संयुक्त रुपमा ताली बजाएर उद्घाटन गर्नुभएको थियो । दिनेश खातीद्वारा संचालन भएको भेलाको कार्यक्रममा युनियनका कोषाध्यक्ष कुसुम थिंगबाट सबै अतिथिको स्वागत भएपछि माले निकट जनवर्गीय संगठनका प्रतिनिधिहरुले भेलाको सफलताको शुभकामना मन्तब्य दिएका थिए ।

सभालाई सम्वोधन गर्दै माले महासचिव मैनालीले नेकपाको बहुमतको सरकारले जनताका जनजीविकाका तथा जल्दाबल्दा समस्यालाई ध्यान नदिई खाली पानीजहाज रेलका सपना मात्रै बाँडी सत्ता संचालन गरिरहेको जिकिर बाँकी ८ पेजमा

## जीर्ण बन्दै सीमा स्तम्भ

काठमाडौं । भारतले नेपालको सीमा क्षेत्र अतिक्रमणलाई तीव्रता दिएको छ । सुदूरपूर्वको मानेभन्ज्याङ, अन्तुडाँडा होस् या सुदूरपश्चिमको महेन्द्रनगर होस् भारतीय पक्षले नेपाली भूमि खुम्च्याइरहेको छ । बेलुका आफ्नो भूमिमा सुतेका नेपालीहरु बिहान उठ्दा भारतीय भूमिअन्तर्गत परेको पाउँदा अचम्ममा छन् । आफूसँग नेपालको लालपुर्जा भए पनि जमिन भने भारतमा पर्ने र भारतीयले नै भोगचलन गर्ने जस्ता कार्यले सीमाका बासिन्दालाई उठिबास लगाइरहेको छ । यसै सन्दर्भमा नेपाल भारत सीमाअन्तर्गत दाङमा निर्माण गरिएका सीमा स्तम्भ जीर्ण भएर भत्किन थालेका छन् ।

पूर्वमा कपिलवस्तु र पश्चिममा बाँकेको सीमा स्तम्भ दाङका ७७ वटा सीमा स्तम्भ जीर्ण भएका हुन् । ६७ वटा स्तम्भ जीर्ण भएका र मर्मत गर्नुपर्ने देखिएको छ । बाँकी ८ पेजमा

## देशैभर बाढीको वितण्डा

काठमाडौं । असारको अन्तिम साता मौसम बढी सक्रिय हुन थालेको छ । केही दिन खडेरी परेपछि सुरु भएको असारे झरीको बेग सबैतिर बढेको छ । मंगलबार रातिदेखि बिहीबार बिहानसम्म परेको अविरल झरीले विभिन्न ठाउँमा ठूलो क्षति पुऱ्याएको छ । यसैबीच भक्तपुरमा स्थानीय नदीनालाहरुमा बाढी आउनुको साथै विभिन्न ठाउँमा डुबान र पहिरो गएको छ । भक्तपुर जिल्लामा २४ घन्टामा १२९ मिलिमिटरसम्म वर्षाको मापन भएको जल तथा मौसम विज्ञान विभागको रेकर्डमा देखिएको छ ।

भक्तपुरमा परेको अविरल वर्षाका कारण पहिरोले घर भत्काउँदा एकै घरका तीन जनाको मृत्यु भएको छ । जिप्रका भक्तपुरका अनुसार चाँगुनारायण नगरपालिका ९ मझुवामा पहिरोले टहरा भत्काउँदा ७० वर्षीय वृद्ध हिराबहादुर लामा, उनकी पत्नी ६५ वर्षकी पानमाया लामा र साढे दुई वर्षकी नातिनी सम्पदा लामाको पहिरोमा परेर ज्यान गएको छ । यसैगरी हनुमन्ते खोलाको बाढीका



कारण राजमार्गमा अवरोध हुनुका साथै डुबान र बाढीमा फसेकाहरुको प्रहरीले डुंगाको प्रयोग गरी उद्दार गरेको थियो । भक्तपुरको राधे राधे एरिया आसपास डुबानमा परेको छ ।

बाढीका कारण घर पसलमा पानी पसेर भक्तपुरका विभिन्न ठाउँमा ठूलो क्षति पुऱ्याएको छ । काठमाडौं उपत्यकामा परेको पानीले विभिन्न खोलानालाहरुमा बाढी आएको छ भने उपत्यकाको निकासका रुपमा रहेको वाग्मती नदीमा ठूलो जलप्रवाह बढेकाले तराईमा समेत क्षति पुऱ्याउन सक्ने खतरा बढेको छ ।

यसैगरी काभ्रेको नमोबुद्ध नगरपालिका-६ स्थित खाक्सेको रोशीखोलाको बाढीमा फसेका दुई जनालाई नेपाली सेनाको हेलिकोप्टरबाट उद्दार गरिएको छ । खानेपानीको काम गर्ने डोरज अप्रेटर नारायण श्रेष्ठ र बाँकी ८ पेजमा

समय-सन्दर्भ



**तेजेन्द्र प्रसाईं**

## यताका कम्युनिस्टको यो हाल उताका कम्युनिस्टको बेहाल

संसदीय निर्वाचन जितेर अहिले नेपालमा कम्युनिस्टहरु सरकारमा छन् । बहुदलीय व्यवस्थामा निर्वाचन जितेर कम्युनिस्टहरु सत्तामा जाने अभ्यास विश्वस्तरमै भइरहेको छ । जनमतद्वारा कम्युनिस्टहरु सत्तामा पुगे पनि उनीहरुले चाहेको समाजवादी शासन भने लागू गर्न सकेका छैनन् । पछिल्लो पटक अमेरिकासँग र समुद्रसँग जोडिएको मेक्सीकोमा वामपन्थी नेता आन्देस म्यानुयल ओकोडोर ५३.८ प्रतिशत मत प्राप्त गरी राष्ट्रपति पदमा निर्वाचित भएका छन् । नौ दशकदेखि मेक्सीको केन्द्रीय सत्तामा आलोपालो हालिमुहाली गरिरहेका नेसनल एक्सन पार्टी र इन्स्टिट्युसन रिभोल्युसनरी पार्टीलाई चार वर्ष अघि मात्र निर्माण भएको नेसनल रिजेनेरेसन वामपन्थी पार्टीले किनारा लगाइदिएको छ ।

छिमेकी मुलुक भारतका कम्युनिस्टहरुको इतिहास पनि निकै पुरानो छ । सन् १९२० मा रुसमा भएको तेस्रो अन्तर्राष्ट्रिय बैठकमा भाग लिन गएका नेताहरुले भारतमा कम्युनिस्ट पार्टीको स्थापनामा पहल गरेका थिए । कुनै समयमा भारतीय राजनीतिमा सबल मानिएका कम्युनिस्टहरुले सन् २०१४ को १६ औं लोकसभा निर्वाचनमा अनपेक्षित हार व्यहोरे । संसदवादी कम्युनिस्टहरुको बेहाल त भयो नै झारखण्ड, विहार, पश्चिम बंगाल, उत्तर प्रदेश, महाराष्ट्र, तेलांगना, उत्तरा खण्ड, छत्तीसगढ लगायत झन्डै चालीस जिल्लाहरुमा सशस्त्र गतिविधि गर्दै आएको भाकपा माओवादी समेत अस्तित्व बचाउको टिठलाग्दो अवस्थामा देखिएको छ ।

सन् १९२५ मा कानपुरमा भएको सम्मेलनले औपचारिकता दिएर भारतीय कम्युनिस्ट पार्टी (सिपिआई) को गठन भएको थियो । त्यसबेला भारत ब्रिटिसहरुको गुलाम थियो । तत्कालीन ब्रिटिस शासकले त्यसबेला कम्युनिस्ट पार्टीको गतिविधिलाई स्वतन्त्र हुन दिएन । स्वतन्त्रता बाँकी ८ पेजमा

## पर्यटनमन्त्री विवादमा

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी विवादमा तानिएका छन् । आफ्ना सुरक्षामा खटिएका सेनालाई कोट र छाता बोक्न लगाएर यिनी पहिलो सामाजिक सञ्जालमा निकै आलोचित भएका थिए । त्यो घटना केही समयपछि सेलायो । अहिले यिनी नाम मात्रका विभिन्न संस्थालाई ६० करोड रुपैयाँ बाँडेर चर्चामा आएका छन् ।

अधिकारी देश विकाससम्बन्धी लेख आलेख र पुस्तक लेखेर निकै आशालाग्दा युवा नेता बनेका थिए । जब उनको निजी सम्पत्ति सार्वजनिक भयो सर्वसाधारण समेत दंग परे । यिनी कम्युनिस्ट होइन रहेछन् सामन्त पो रहेछन् भन्ने टिप्पणी सर्वत्र सुनियो । बाँकी ८ पेजमा

## हार्दिक निमन्त्रणा

**यस ग्रेटर नेपाल साप्ताहिकको छैठौं वार्षिकोत्सव यही असार ३० गते शनिबार दिनको १ बजे नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुँदैछ । राष्ट्रवाद/पर्यावरणको संरक्षण तथा सामाजिक विकासमा उल्लेख्य योगदान गर्ने राष्ट्रिय व्यक्तित्वलाई सम्मान गरिने यस कार्यक्रममा यस पत्रिकाका वार्षिक ग्राहक, विज्ञापनदाता, शुभेच्छुक एवं सहयोगी सबैलाई हार्दिक आमन्त्रण गरिन्छ ।**

*(समारोहपश्चात् जलपानको व्यवस्था पनि गरिएको छ)*




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# समस्यामा किसान

प्रधानमन्त्री केपी ओलीले केही समयअघि आफ्नो भाषणमा भारतबाट औषधि हालेका माछा आइरहेका र त्यस्ता माछा दश वर्षसम्म खाएमा परिवार नियोजन गरिरहनुनपर्ने अथवा नपुंसकताको समस्या आउने बताएका थिए । प्रधानमन्त्रीसम्मलाई जानकारी हुँदा पनि जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने भारतीय माछाको आयात रोक्न हाम्रो सरकारले सकिरहेको छैन । नेपालका किसानले उत्पादन गरेको तरकारीमा अत्यधिक विषादीको मात्रा प्रयोग भयो भनेर समय समयमा चर्चा हुने गरेको छ । भारतबाट निर्वाध रूपमा भित्रिने विषादी प्रयोग गरिएका तरकारी, फलफूलबारे कहिल्यै चर्चा हुने गरेको छैन । सडे गलेका माछा, मासु, फलफूल, तरकारीको राम्रो बजार भारतले नेफाललाई बनाइरहेको छ । कमसल खालका दैनिक उपभोग्य वस्तुहरू भारतसँग खरिद गर्दा नेपालले अर्बौं रूपैयाँ भारतलाई भुक्तानी गर्नुपर्ने हुन्छ ।

उता भारत भने नेपाली उत्पालनप्रति अनुदार देखिन्छ । सानो छिमेकी मुलुक नेपालका कृषिजन्य उत्पादनहरू निर्वाध रूपमा भारत जान पाउँदा उसको विशाल उपभोक्ता भएको बजारमा कुनै खाले हानि, नोक्सानी पुग्दैन । तर पनि आफ्ना किसानहरूको उत्पादन संरक्षणका नाममा भारतले नेपालबाट जाने तरकारी, फलफूल लगायतमा बारम्बार अवरोध खडा गर्ने गर्छ । नेपालको सबैभन्दा ठूलो व्यापारघाटा भारतसँगै छ । भारतले नेपाली उत्पादनमा अवरोध नगर्ने हो भने केही अंश भए पछि व्यापारघाटा कम गर्न सहयोग पुग्ने थियो । अहिले भर्खरै भारतले नेपालबाट पश्चिम बंगालतर्फ जाने टमाटरमा रोक लगाएको छ । नेपालबाट निर्यात गर्ने सूचीमा टमाटर नभएको भन्दै पानीटंकीस्थित भारतीय भन्सारले नेपालको टमाटर निकासीमा अवरोध खडा गर्‍यो ।

पूर्वी पहाडी जिल्लाहरूमा राजमार्ग विस्तार भएसँगै किसानहरू तरकारी खेतीतर्फ आकर्षित भएका छन् । धनकुटा, तेह्रथुम, इलाम, पाँचथर जिल्लाका किसानहरूले मूला, काउली, बन्दाकोपी, टमाटर लगायतका तरकारी उत्पादन गर्ने गरेका छन् । धरानदेखि धनकुटा हुँदै वसन्तपुरसम्म पुग्ने हो भने बाटाको दायाँबायाँका खाली जग्गाहरूमा हरियाली भरेको पाइन्छ । त्यसैगरी इलाम, पाँचथर, ताप्लेजुङको बाटो आसपासका किसानहरू पनि उत्पादनमा सक्रिय बनेका छन् । पहाडी क्षेत्रमा उत्पादन भएका तरकारी, फलफूल विगतमा सुनसरी, मोरङ, झापाका बजारहरूमा खपत हुन्थे भने उत्पादन बढेसँगै भारततर्फ निर्यात गर्ने व्यापारीहरूको पनि ध्यान तानियो र किसानका उत्पादनहरू भारतको दार्जिलिङ, सिक्किम, सिलिगुढी मात्र नभएर कलकत्तासम्म पनि पुग्न थाले । यसरी तरकारी निर्यात गर्दा बन्दाकोपीलाई मात्र भारत जान छुट दिने हुनाले अन्य तरकारीहरू पनि बन्दाको नाममा निकासी हुने गरेको धनकुटा सिंधुवाका राजु बस्नेत बताउँछन् ।

भारतले कहिले अदुवामा विषादीको मात्रा बढी भयो भनेर रोक्छ भने कहिले अलैंचीमा तिब्बती अलैंची मिसियो भन्छ । जुट निर्यातमा पनि भारतले अवरोध गर्छ । अहिले टमाटर रोकेका कारण झापा पुर्‍याएर किसानले थोक मूल्य प्रतिकेजी १५ मा बिक्री गर्न बाध्य छन् । भारतले आफ्नो देशमा तरकारीको अभाव भएको बेला बिना अवरोध लैजान्छ भने अरू बेला बखेडाबाजी निकाल्छ । तरकारी खेतीतर्फ आकर्षित भएका नेपाली किसानलाई बजारको अस्थिरताका कारण लगानी डुबेर मर्का पर्ने गरेको छ ।

सरकारले युवा जनशक्तिलाई व्यावसायिक कृषिमा आकर्षण गर्ने विभिन्न योजनाहरू अघि सारे पनि बजारको उचित व्यवस्थापन गर्न सकेको छैन । त्यसैगरी भारतसँग राम्रोसँग कुरा गरेर फलफूल तरकारीमा लगाउने गरेको अवरोध हटाउन पनि सकेको छैन । आफूले भारतको जेसुकै स्वीकार्ने र आफ्नो गुणस्तरीय उत्पादन समेत भारतले अस्वीकार गर्दा चुप लागेर बस्ने सरकारी रवैयाले नेपाली किसान मर्कामा परेका छन् भने कृषिको व्यावसायीकरणमा समेत बाधा पुगिरहेको छ । त्यसैले विषय टमाटरको अवरोध भए तापनि यसमा सरकार तथा सम्बन्धित निकाय गम्भीर बन्नैपर्छ ।

# अनिमात्रै गणतन्त्र र संघीयता संस्थागत हुन्छ कि ?

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



राष्ट्रवादको ठूलै नारा दिएर झन्डै दुईतिहाई सिट लिई सरकार बनाएको प्रधानमन्त्री केपी ओलीको कार्य सम्पादन क्षमता दिन परदिन स्खलन भइरहेको छ । अब जनताका दैनिकी फोस्रो नारा र आश्वाशनले मात्रै चल्दैन भन्ने कुरा उनीहरुलाई बहुमत दिलाउने जनता स्वंयले क्रमशः बुझ्न थालेका छन् । जति जनताले बुझ्नेछन्, त्यति नै तथाकथित कम्युनिष्ट सरकार उभिएको धरातल खस्कँदै जानेछ अनि २०४७ को तत्कालिन गिरिजा सरकार र कांग्रेस दलमा जस्तै यो सरकार अनि यसको दलभित्र पनि विग्रह सुरु हुँदै देश मध्यावधिमा जाने निश्चित छ । किन आयो त यस्तो परिस्थिति ? जवाफ निम्नानुसार छन् ।

१) विगत सरकारको संस्कारलाई निरन्तरता दिँदै ओलीले पनि आफ्नो विदेश यात्रा भारतबाटै गरे । जबकी नेपाली राष्ट्रिय स्वार्थको लागि भारत जानुभन्दा वोआओ फोरममा नेपाली प्रधानमन्त्रीले सहभागिता जनाउनु महत्वपूर्ण थियो । त्यसबाट नै ओलीको खस्कने दिनको शुरुवात भयो ।

२) उनले भारत बसाइको अवसरमा भारतले गरेको नेपाली भूमिमाथिको अतिक्रमण र दशगजा क्षेत्रमा गरेको गैरकानुनी निर्माण, नेपालीमाथि एसएसबीको अत्याचारबारे चुँ... सम्म गर्न नसक्दा उनको राष्ट्रवादी मुकुण्डो एक छेउ त्यहींनेर च्यातियो । झन् त्यसमाथि तिब्बतको छाया सरकारका प्रतिनिधिलाई दिल्लीस्थित नेपाली राजदुतावासमै बोलाएर ओलीले भलाकुसारी गरेपछि उनको राष्ट्रवादी मुकुण्डोको अर्को छेउ पनि च्यातियो । चीन ओलीप्रति शसंकित बन्न पुग्यो ।

३) पहिलो पटक प्रधानमन्त्री हुँदा ओली जसरी चीन गएका थिए र जसरी चीनसँग ब्यापार पारवहन सन्धि सम्झौता गरी भारतको एकाधिकार तोड्न सफल भएका थिए यसपालीको चीन भ्रमणले त्यो सफलतालाई निरन्तरता दिन सकेन । व्यापार पारवहन सन्धिलाई कार्यान्वयन गर्ने प्रोटोकलमा हस्ताक्षर नहुँदा पहिलो भ्रमणको उपलब्धि शून्य सावित हुन पुग्यो । दोस्रोपटक चीन जानुअगाडि राष्ट्रवादीहरुले भारत चीनबीचको लिपुलेकसम्बन्धी सहमतिबारे चीनसँग कठोर रुपमा प्रस्तुत हुनुपर्ने सल्लाह ओलीलाई दिएका थिए । त्यसबारे पनि ओलीले चिनिया उच्च नेतृत्वसँग कुरा उठाउने आँट गर्न नसक्दा भारत र चीन दुवैको छेउ उनी लम्पसार परेको देखियो ।


४) नाकाबन्दीताका भारतले इन्धन रोकेपछि चीनले नेपाललाई एक लाख टन इन्धन निशुल्क उपलब्ध गराएको थियो । यसबाट नेपालले चीनसँग पेट्रोलियम पदार्थ किन्न सक्छ भन्ने कुरा प्रमाणित भएको थियो । यसैको आधारमा चीनबाट इन्धन खरिद गरी भण्डारण गर्न नुवाकोटको बट्टारमा इन्धन भण्डारण रिजरभ्वायर बनाउने कुरा अगाडि बढेको थियो । दोस्रो भ्रमणकालमा यो कुरा पनि पूर्ण रुपमा ओझेलमा पर्दा ओली त्यस कुरामा गम्भीर हुन नसकेको देखियो ।

५) ओलीले बाँडेको समृद्धिको सपना साकार हुन सरकारले आमरुपमा साधारण खर्च घटाइ विकास खर्चलाई बेस्सरी बढाउनु पर्दथ्यो । तर प्रधानमन्त्री, मन्त्री अनि सांसददेखि लिएर वडाध्यक्षको भत्ता र सुविधा यति बढाइएको छ कि साधारण खर्चले विकास खर्चलाई धेरै पछाडि पारेको छ । प्रधानमन्त्री, मन्त्री प्रदेशका मुख्य मन्त्री अनि मन्त्रीहरुको करोडौं पर्ने गाडीहरुका फोटाहरु सामाजिक संजालमा भाइरल हुन पुग्नुले संघीयता अब नेपाली जनताले धान्न नसक्ने सेतो हात्ती बन्न पुगेको अवस्थामा विकास र सामाजिक सुरक्षा अब आश्वाशनमै सीमित हुन पुग्ने छ भन्ने कुरा वृद्ध भत्ता रोकिन गएको तथ्यले पनि पुष्टि गरेको छ । वर्षभरि विकास बजेट विनियोजन नहुने अनि आषाढ मसान्तभित्रै सबै बजेट सिध्याउनुपर्ने बाध्यता गणतान्त्रिक सरकारलाई पनि पर्नुले भ्रष्टाचार र कमिसनखोर सिंहदरबारदेखि लिएर वडासम्मै पुगेका रहेछन् भन्ने स्पष्टै भएको छ अनि विकास चाहिँ १५ दिन पनि नटिक्ने अलकत्रा लगाएको सडकको अवस्थामा पुगेको छ ।

६) सामान्यतया आफूलाई कम्युनिस्ट भन्न रुचाउने सरकारको अर्थमन्त्रीले बजेट पेस गरेको लगत्तै विगतका सरकारले बजेट पेस गरेपछि ह्वातै महँगी बढ्ने जुन परम्परा थियो, त्यो तोडिनुपर्थ्यो तर त्यो तोडिएन । जनता विगतझैं महँगीको मारमा पर्दा उनीहरुले कुनै फरक महसुस गरेनन् । जुन जोगी आए पनि कानै चिरेको यथार्थ अब जनतालाई तितो लागीसकेको छ । झन् त्यसमाथि जन्म मृत्यु दर्ता, नागरिकता आदि जस्ता सेवाहरु पनि विना घूस जनताले नपाउने अवस्था आउनुले गणतन्त्र र संघीयता दुवैको खिल्ली उड्न पुगेको छ । हिजो जनतालाई फोस्रो आश्वाशन दिई सत्ताको भर्‍याङ चढ्न सफल ओली लाचार र रुञ्चे देखिन थालेका छन् ।

माथि उल्लेख गरिएका ६ बुँदाहरु यो सरकारले गरेको राष्ट्रघात, भ्रष्टाचारको र असक्षमताको ज्वलन्त उदाहरण हो । पद र पैसा भन्ने यस्तो वस्तु हो जस्को सदुपयोग गर्न नजान्दा त्यसैले नै व्यक्ति वा राजनीतिक दलको भविष्य खरानी बनाउँछ र यही बाटोमा ओली सरकार दिनपरदिन अघि बढिरहेको छ । तसर्थ यो तथाकथित मुकुण्डे कम्युनिस्ट पार्टीको सरकारलाई अब छिट्टै ठेगान लगाउने हो भने राष्ट्रघात र भ्रष्टाचारको मुद्दालाई वडादेखि केन्द्रसम्म घनिभूत रुपले उठाउनु जरुरी छ । यसका लागि राष्ट्रवादी अनि नैतिक बल भएका राजनीतिक दलहरु एकै मंचमा उभिइ राष्ट्रघात र भ्रष्टाचारको एजेण्डालाई आमरुपमा उठाइ जनतालाई तताउनु पर्छ । जनविद्रोह परिचालन गर्नुपर्छ । अनिमात्रै गणतन्त्र र संघीयता संस्थागत हुन्छ कि ?

# हामी केमा चुकेर दु:ख पायौं ?



**जगदीश लामिछाने**
रौतहट, पौराई

विश्वमा नेपाली उहिल्यै प्रसिद्ध थिए । वीर पनि भएकै हुन् । हाम्रो आर्य धर्म पनि चानचुने थिएन । यहाँका मान्छेहरुले बुद्धलाई दशौं अवतार पनि मानेकै हुन् । नजिकै भारतीयहरु त्यसमा चुके । नेपालबाटै बुद्धधर्म उत्तर फैलियो त्यतिमात्र होइन, दक्षिण श्रीलंका बर्मामा पनि बुद्ध धर्म फैलिएकै हो । त्यहाँ धर्म, अर्थ काम तीन कुरा नभएर दु:ख भयो । नेपालमै पनि सामाजिक परिवेशमा दु:खै रह्यो तैपनि पाञ्चायन पूजा, बौद्धावतार आदि समन्वयात्मक धारणाले मानसिक शान्ति त भयो आर्थिक उन्नतिमा पछि नै पर्‍यो । पापी पेटको भरणपोषण गर्न वीरत्वको अर्को साधन पनि नभई भएन । बहादुरको नाम लिएर भौतारिँदा भौतारिँदै तिनै बहादुर गोर्खा बेलायत र भारतले बाँडे । बेलायतले फकल्यान्डमा लड्यो । भारतीय भएर बस्ने नेपालीले हामी गोर्खाली हुँ मात्र भने । फलस्वरुप उनीहरुले १०० वर्षभन्दा बढी समय गोर्खाल्यान्ड मागिरहे । नेपालीहरु बर्माबाट आए, हामीले बसायौं श्री ५ महेन्द्रका पालामा । फेरि भुटानबाट आए । अहिले काम खोज्न अमेरिका क्यानडा गएका छन् । तैपनि हामी एकत्व अर्थ, धर्म, आस्था स्थायित्वहरु अर्थात् धर्मार्थ काम त्रिवर्गमा समन्वय गर्दैनौं । किन हाम्रो संस्कृत विश्वविद्यालयका उपकुलपति सरकार र कुलपतिको स्वीकृति नलिई क्यानडा उड्न हवाई अड्डामा पुगी पक्राउमा परे ? किन नेपाल संस्कृत विश्वविद्यालय भाषिक, आर्थिक, नैतिक र सांस्कृतिक नेतृत्व नेपाल संस्कृत विश्वविद्यालयले लिनुपर्छ भनी सोच्दैन ? यस्तो जिम्मेवारी त्यो विश्वविद्यालयको छैन भने भनोस् हैन त ?

हृदयतर्फको भरणपोषणमा अझै हामी धनी नै छौं । यत्तिले मात्र पुग्दैन भन्नेमा हामी गरिब नै रहेछौं । यसैले हाम्रा योजनाहरु एकांगी बने । हाम्रै सर्वसाधारणको नैतिकताभन्दा नेतृत्व लिनेको अर्थात् सरकारमा बस्नेहरुको क्षमता कम नै रह्यो । यसैले त शिक्षा क्षेत्र टुहुरो रह्यो । जो शिक्षित हुन्छ, त्यसले समाजलाई आफूभन्दा तल्लालाई हेप्नुपर्छ भन्ने मात्र सिक्यो । जो नेता हुन्छ, त्यो जनताभन्दा म ठूलो छु भन्न लाग्यो । यस्तै अवस्थामा विदेशले आफ्ना क्रुर नैतिक (कूतनीतिक नभनौं) हस्तक्षेप गर्दै लग्यो । भर्खरै अन्तर्वार्ता दिने पुराना नेपाली नीतिकर्मी भेषबहादुर थापा ठीक भन्दैछन् । चाहे भारत, चीन वा अमेरिका होस् आफ्नै भलो मात्र गर्ने हुन् । हाम्रो दृष्टिकोणले हेर्दैनन् अथवा हेर्न चाहँदैनन् । यसै हुनाले हामीले आकाश जल तथा स्थल पारवहन पाउनैपर्ने पारवहन पाएनौं विदेशले छोडिएको स्वदेश पनि हाम्रो हातमा आएको छैन । त्यसमा छिमेक समेत बोल्दैन भने आफ्नै भलो मात्र गरेको भएन त ? यहाँ भेषबहादुर थापा ठीक भन्दैछन् ।

उदाहरण प्रस्टै छ, माओवादी द्वन्द्व २०५२ वि.सं. देखि भयो विदेशसै बसेर । अब उनीहरु नै म ठूलो भनेर भन्न आएका छन् । राजतन्त्रले पनि उचित मूल्यांकन गर्न चुक्यो र आफैं छँदाखाँदाको श्रीपेच फुकालिराख्न दिएर भौंतारिइरहेछ । त्यसबखत जनताले नै माओवादी समस्या समाधान गरे । जनताले नै बाइसी चौबिसी बनाउनेलाई श्री ५ पृथ्वीनारायण भएर एकीकरण गरे । जनताले नै रेमिट्यान्स विदेशबाट ओसारेर देश चलाए । यो हेर्ने कसले ? सरकारले हैन ? शिक्षा क्षेत्रका महामहोपाध्याय अथवा डाक्टरहरुले हैन ? खै त समन्वय गरेको ?

सरकार कहिले रेल सपना दिन्छ । त्यस्ता रेल नेपालीले विदेशकै लागि मात्र बनाउनुपर्ने ? बाटो विदेशैलाई मात्र बनाइदिने ? हाम्रा उत्पादन बढाउनु पर्दैन ? हाम्रै निर्यात गर्नु पर्दैन ? हाम्रो भलो गर्नुपर्छ भने हामीले नै शिक्षा सुधार गर्नुपर्छ । रेल पूर्व पश्चिम विद्युत्बाट चलाउनुपर्छ । शोषकहरुबाट सर्वसाधारणलाई सक्दो जोगाउनुपर्छ । यो काम सरकारले नगरे कसले गर्ने ? जनताले मात्र गरेर हुने भए उहिल्यै यो देश विकसित भइसक्ने थियो । नैतिकता उदाई सक्ने थियो ।

सत्ताले अधिकार जति आफ्ना मुठ्ठीमा राखेर सुविधाहरु जनता सोस्ने नेतालाई मात्र दिएर हुँदैन । सर्वसाधारण र तल्ला तहमा चेतनायुक्त नेपालीहरुलाई सबै तिमी त साना छौ । म नेता हुँ ठूलो पदमा छु । ठूलै दर्जामा छु । तिमीलाई मैले हेप्नैपर्छ भन्ने कुरा ठूलो हुँ भन्नेमा हट्नैपर्छ । अनि मात्र यही स्वदेशको हुलाकी राजमार्गमा, महेन्द्र राजमार्गमा, चुरेको हालसालै घोषित राजमार्गमा र मध्यपहाडी पुष्पलाल राजमार्गमा चिर स्थिर तथा उदाउँदो उन्नति र शान्ति प्राप्त हुनेछ । यो पटक दुइकै मात्र कुरा भनौं । स्वास्थ्यको लागि जुम्लामा अनसनरत डाक्टरको ज्यान सरकारले जोगाउनैपर्छ । न्यायको लागि अस्पतालमै नन्दप्रसाद त मारिए मारिए उनकै श्रीमती अनसनरत छन् । नन्दप्रसादकी श्रीमतीको ज्यान र सम्पूर्ण न्याय क्षेत्रको सुरक्षा हुनैपर्छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–८

फिलिपिन्सका राष्ट्रपति फर्डिनेन्ड मार्कोसले देश र जनतालाई डुबाएर दशौं अरब डलर सम्पत्ति मुठ्याए ।त्यस कदमको विरोध गर्ने लाखौं देशभक्त र न्यायप्रेमी फिलिपिनी जनता र कम्युनिस्टहरूकोहत्या भयो ।जनताका यी खुनी शत्रुहरूले तिनै मुलुकहरूमा सुरक्षित स्थान पाए, जुन मुलुकका शासकहरूले जोसेफ स्टालिनलाई तानाशाहको आरोप लाउँदैआए र आजसम्म लगाइरहेछन् ।

पश्चिमा साम्राज्यवादीहरूले स्टालिनलाई सत्तोसराप गर्ने र हजारौं झुट, फरेप, काल्पनिक तथ्यहरू देखाउँदै जनतामा विश्वव्यापी प्रचार गर्नुका मूलकारणहरू निम्न थिए–

**पहिलो**–रूसी अक्टोबर क्रान्तिको एकमूल नेतृत्व र सोभियत समाजवादको निर्माण एवं विकासले युरोप र अमेरिकाका युद्धखोरहरूलाई ध्वस्त पार्न रूसी लालसेना र क्रान्तिकारी जनतालाई मोर्चामोर्चामा पुगेर नीति निर्देशन गर्नु । (अमेरिकी साम्राज्यवादीहरूले सन् १९१८–२० सम्म शिशु समाजवाद विनाश गर्न पहिलो विश्वयुद्ध रोकेर रूसमाथि चारैतिरबाट लाखौं सेनाले आक्रमण गरेका थिए ।)

**दोस्रो**– लुटेरा जारशाही सत्ता सशस्त्र क्रान्तिले पतन गरेपछि विश्वव्यापी मजदुर, किसान, शोषित, पीडित जनतामा विश्व इतिहासमै पहिलो पटक न्याय र स्वतन्त्रताका लागि रक्तसञ्चार भयो । यो सञ्चार भनेको सबै पुँजीपति, सामन्त, जमिनदार र उनीहरूको जुठोपुरो खाएर बाँचेका नोकरशाहहरूको स्वर्गको महल डगमगायो ।

**तेस्रो**–रूसको सहयोगमा मङ्गोलिया शान्तिपूर्ण रूपले मुक्त भयो ।रूसी लालसेनाले पूर्वी युरोपमुक्त पार्‍यो र हिटलर, मुसोलिनीका सेनाहरूलाई बलिदानीपूर्णसङ्घर्ष गरी ध्वस्त पारी युरोपमा शान्ति छाउने निर्णायक भूमिका खेल्यो ।

**चौथो**–सोभियत नेतृत्वले चिनियाँ जनताको मुक्तिका लागि र मुक्तिपछि माओ नेतृत्वको चीनलाई आर्थिक, भौतिक, नैतिक, बौद्धिक हरक्षेत्रमा भारी सहयोग र समर्थन गर्‍यो ।सर्वाधिक जनसङ्ख्या भएको चीनको उदय र साम्यवादी समाजको निर्माण एवं विकासले विश्वव्यापी साम्राज्यवादीहरू डरले कापें ।

**पाचौं**– दोस्रो महायुद्धका रचियता अर्थात् जापानी साम्राज्यवादका झन्डै एक करोड लुटेरा सेनालाई समेत अगस्त १०, १९४५ मा युद्धको घोषणा गरी आत्मसमर्पण गर्न बाध्य तुल्यायो ।

मानवइतिहासमा मानवताको सुरक्षा, शान्ति, विकास र उन्नतिका लागि यति धेरै योगदान पुर्‍याएका व्यक्तित्वहरू कोहीपाइँदैनन्, जसले सम्पत्ति जोडेनन्,निजी स्वार्थतिरलागेनन् । उनले जे गरे, सबै सोभियत जनताका लागि गरे; जे गरे विश्वका जनताको स्वतन्त्रता, मुक्ति र शान्तिका लागि गरे । तसर्थ विश्व इतिहासको एक अतुलनीय व्यक्तित्व हुन् जोसेफ स्टालिन ।

मार्क्स, एङ्गेल्सका एक बफादार शिष्य हुन् स्टालिन । उनी नेपोलियन, हिटलरजस्ता युद्धवादीरक्तपिपासु होइनन्, उनका पालाको सोभियत सङ्घको सरकार ब्रिटेन, अमेरिका, जापानका सरकारझैँ साम्राज्यवादी थिएन । उनि रूसकै ख्रुस्चोभ, ब्रेजनेभकालीन सामाजिक साम्राज्यवादी पनि थिएनन् ।स्टालिनमहान् शान्तिदूत हुन्, सोभियत भूमिले जन्माएका महान् सामाजिक वैज्ञानिक हुन् । क्रमशः

# मैले देखेको चौवन्नौं विश्व सम्पदा :
# बेलायतको विल्टसाइरको स्टोन हेन्ज

सुरेन्द्र ढकाल



स्टोन हेन्जको प्राचीन रूप



माथिबाट हेर्दा स्टोन हेन्ज यस्तो देखिन्छ




स्टोन हेन्जको घोडाको टाप आकारको ट्रिलथोन



स्टोन हेन्जमा पर्यटकहरू



सूर्यास्तको बेला स्टोन हेन्ज



स्टोन हेन्जमा सुरेन्द्र सन् १९८९ मा



ट्रिलथनको बीचबाट सूर्यको किरण पर्दा देखिएको अवस्था

आरून्डेलको दरबार अवलोकनपछि हामी प्राग्ऐतिहासिक महत्वको स्थल स्टोन हेन्ज अवलोकन गर्ने उद्देश्य राखी त्यतातिर हानियौं ।

स्टोन हेन्ज

स्टोन हेन्ज बेलायतको विल्टसायरमा रहेको प्राग्ऐतिहासिक महत्वको वस्तु रहेछ । इंग्लैण्डको आमेसवरीबाट २ किलोमिटर पश्चिममा रहेको स्टोनहेन्ज भनिने यस ठाउँमा प्राकृतिक चट्टानहरू गोलाकार रूपमा धरातलमा उभिएको पाइन्छ । चार मिटर अग्ला दुई मिटर चौडा र २५ टन तौल भएका यी चट्टानहरू निओलिथिक युग याने दश हजार इशापूर्वको रहेको र उत्खनन गर्दा धेरै मानव अस्थिपञ्जर भेटिएको कारण यो चिहानस्थल पनि रहेको प्रमाणित भएको छ । पुरातत्वविदको विश्वास अनुसार ३ हजारदेखि २ हजार इशापूर्वमा नै यी ढुंगाहरू उभिएको अवस्थामा थिए ।

रेडियो कार्वन डेटिङ जस्तो आधुनिक प्रविधिबाट जाँच्दा यी चट्टानहरू २४०० देखि २२०० इशापूर्वमा नै ठडिएको मानिन्छ । जे होस आम मानिसको धारणा अनुसार पनि स्टोन हेन्ज ३००० इशापूर्वदेखि नै रहँदै आएको मानिदो रहेछ ।

स्टोन हेन्जलाई बेलायतको अतुलनीय सांस्कृतिक निधिको रूपमा लिइँदो रहेछ । सन् १८८२ देखि नै यसको संरक्षण गर्न कानुन बनाइ कार्यान्वयन गरिएको रहेछ । सन् १९८६ मा यो युनेस्कोको विश्व सम्पदामा सूचीकृत भएको रहेछ । बेलायत सरकारले एक राष्ट्रिय गुठी बनाइ यसको संरक्षण र व्यवस्थपन गर्दै आएको रहेछ । पुरानो अंग्रेजी शब्दार्थबाट बुझ्ने हो भने स्टोन भनेको ढुंगा र हेन्ज भनेको झुन्डिरहेको अवस्थालाई जनाउने हुँदा यसैबाट यस ठाउँको नाम स्टोनहेन्ज रहन गएको रहेछ ।

स्टोन हेन्जमा भएको उत्खननले त्यहाँ चिहानमात्रै नभै अन्य निर्माण पनि भएको र त्यो १५०० देखि ६५०० वर्षसम्म कायम रहेको बताएको आधारमा यस क्षेत्र हिमनदी प्रभावित क्षेत्र भएको र त्यसैले विशाल चट्टानहरू त्यस ठाउँसम्म ल्याएको मानिंदो रहेछ । अन्यथा २५ टन तौल भएका त्यस्ता चट्टानलाई त्यस ठाउँमा ल्याई मिलाएर राख्न दशौं हजार मानिसको बलले पनि नभ्याउने हुँदा कसरी त्यो गोलाकार संरचना बन्न पुग्यो भन्ने कुराको अहिलेसम्म पूर्ण वैज्ञानिक पुष्टि हुन सकेको छैन ।

यही कारण संसारभरीका मानिसहरूले यसलाई कुनै प्राकृतिक वा दैविक शक्तिले पो बनाएको हो कि भन्ने ठान्दै यस ठाउँको भ्रमण गर्न जाँदा रहेछन् । पुरातत्वविदहरूले के पनि भनेका रहेछन् भने यस ठाउँमा ८००० इशापूर्वअघि घना सल्लाको वन रहेको र त्यहाँ त्यतिबेलाका मानिसहरूले चिहान खनी लास गाड्ने गर्दा रहेछन् । अनि विस्तारै जंगल फाँड्दै ठूलठूला चट्टानहरूलाई एक ठाउँमा लगि थुपार्दे कृषियोग्य जमिन बनाउँदै बस्ती सुरू गरेको पनि उनीहरू बताउँछन् ।

बंकिगघम विश्वविद्यालयको अनुसन्धान विभागले त्यहाँ १० औ हजार वर्षअघि मानव वस्ती बसिसकेको बताएको रहेछ । जेहोस यो स्टोन हेन्ज मानिसले बनाएको हो कि आइरिस हिमनदीले बनाएको भन्ने कुरा अहिलेसम्म एकिन नभएकै कारण संसारभरीका पर्यटकहरूको जिज्ञासाको केन्द्र बन्न पुगेको रहेछ ।

यस स्टोन हेन्जबीचको घोडाको टाप आकारको ५ वटा ट्रीलथनबाट खासगरी मध्य ग्रिष्मकालको सूर्योदय र मध्य शिशिरकालको सूर्यास्त हेर्न ठूलो भीड लाग्ने गर्दो रहेछ । पछिल्ला दिनहरूमा अति नै गरूंगो ढुंगाहरू पनि बोकेर ल्याउन मिल्ने प्रविधिको विकाससँगै नजिकैको ढुंगा खानीबाट ठूलठूला चट्टान ल्याई थप्ने कार्य पनि गरिएको रहेछ । यहाँ जाने पर्यटकहरू कतिले त त्यहाँ पुगेर ध्यान गर्दा मात्रै शरीरका सबै रोग निको हुन्छ भन्दै स्टोन हेन्ज लाई ज्भबष्लिन :भअअब पनि भन्दा रहेछन् ।

स्टोनहेन्ज किन र कसरी बन्यो र यो ठाउँको ज्योतिषीय महत्व के छ भन्ने विषयमा ठूलो विवाद भएको कारण भूगर्भशास्त्री, खगोलविद र पुरातत्वविदहरू केही नयाँ कुरा पत्ता लागिहाल्छ कि भनेर अझै निरन्तर रूपमा यस ठाउँको अध्ययन र अनुसन्धानमा लागिरहेको बताइँदो रहेछ ।

हामी आरून्डेलबाट स्टोनहेन्ज पुग्दा दिउँसोको एक बजेको थियो । दुई घन्टासम्म हामी त्यहाँ बसी तत्पश्चात् नजिकै रहेको बेलायतको अर्को सहर सेलेसवरीतर्फ लाग्यौं ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

लागूऔषध मुक्त जीवन : स्वच्छ, स्वस्थ र समुन्नत समाज
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

कथा

# व्याधा, बाँदर र ढेंडुतन्त्र



**घनश्याम ओली**

एउटा सुन्दर, शान्त, रमणीय वन थियो । हिमाल, पहाड, तालतलैया, मठमन्दिर, वनवृक्षले वन विश्वकै आकर्षक स्थल बनेको थियो । चराचुरुंगी, पशुपक्षीहरु आनन्दसाथ बसेका थिए । वनमा अत्यन्तै सरल, शान्त र सबैका प्रिय राजा थिए । रैतीहरुलाई कुनै दुःख कष्ट थिएन । वनमा कुनै आँधी तुफान आएको थिएन । बटवृक्षहरु मौलाइरहेका थिए । चराचुरुंगीहरु हाँसीखुसी नाची विचरण गरिरहेका थिए ।

राजाकै परिवारभित्रबाट केही व्याधाहरु जन्मँदै गए । व्याधाहरुले राजपरिवार नै सखाप पारे । अनि ती व्याधाहरु नै आफूलाई राजा कहलाउन थाले । विस्तार विस्तार निरंकुश बन्दै गए । रैतीहरुलाई दुःख दिन थाले । उनीहरुको स्वतन्त्रता हनन हुँदै गयो । कालान्तरमा ती व्याधाहरुलाई पनि नष्ट गर्ने तीभन्दा खतरा ढेंडुहरुको ठूलो जमात तयार भयो । त्यो राजा कहलाउँदो व्याधा सदा सदाका लागि बिदा भयो । दरबारबाट नै उसलाई सत्ताच्युत गरियो ।

नयाँ ढेंडुहरुको राज चल्दै गयो । कहिले कुन ढेंडु सत्तामा आउँथ्यो र भेटेसम्म कुम्ल्याएर जान्थ्यो, कहिले कुन ढेंडु सत्तामा आउँथ्यो र वनबासीलाई दुःख दिनुसम्म दिन्थ्यो । वनमा अशान्ति, भ्रष्टाचार, कुरीति, अनैतिकता, अत्याचार बढ्दै गयो । वनमा कुनै नियम भएन, कुनै कानुन भएन । मनमौजी शासन चल्यो ।

अर्कोतिर वनमा आक्रामक बाँदरहरुको ठूलो जमात बढ्दै गयो । ती बाँदरहरु छिमेकी वनका बाँदरहरुसँग तालिम लिन थाले । हातहतियार जम्मा गर्न थाले । छिमेकी बाँदरहरुले हातहतियार सहयोग गर्न थाले । बाँदरहरुले वनमा ठूलो रडाको मच्चाउन थाले । वन तहसनहस पारे । वनका बोटवृक्ष, चराचुरुंगी, पशुपक्षी सब विनाश गर्न थाले । वनका धेरै जीवजन्तुहरु मारिए । कसैको सुरक्षा हुन सकेन । सुरक्षा गर्ने निकाय नै कमजोर हुँदै गयो । सुरक्षा अधिकारी नै मारिन थाले । बाँदर र सुरक्षाकर्मीहरुबीच धेरै लामो भिडन्त भयो । दुवै पक्षमा हताहत भए । छिमेकीकै सहयोगमा दुवै पक्षबीच वार्ता भयो । ६ बुँदे, १२ बुँदे १८ बुँदे विभिन्न सम्झौता भए । बाँदरहरुले कति सम्झौता पालन गरे कति गरेनन् । केही समय शान्ति जस्तो भए पनि बाँदरहरु उद्दण्ड भए । उनीहरुले आफ्नो स्वभाव फेरि देखाउन थाले ।

बाँदर, ढेंडु र व्याधा पक्षकाबीच पटक पटक चुनाव भए । चुनावमा कहिले ढेंडु पराजित भए त कहिले बाँदर पराजित भए । व्याधा पक्षको त नामनिशानै हराउँदै गएको थियो । तर बाँदर र ढेंडु जब आपसमा लड्थे व्याधा पक्षले फाइदा उठाउँथ्यो । चुनावमा व्याधा पक्षबाट पनि केही सत्तामा आए । तर केही लछारपाटो लाउन सकेनन् ।

पहिलो चुनावमा बाँदरले वनबासीलाई डर, त्रास देखाई वा पैसाले किनी आफ्नो पक्षमा चुनाव जित्यो । अब ऊ झन् शक्तिशाली बन्यो । वनको सबै शासन, शक्ति आफ्नो कब्जामा पार्दै लग्यो । वनमा ब्रह्मलुट गर्न थाल्यो । वनका सारा आम्दानी लुट्न थाले । अनि अन्यत्रै लगेर जम्मा गर्न थाले । वनबासीले कहिल्यै शान्ति पाएनन् । अशान्ति, भ्रष्टाचार, अनैतिकता झन् मौलाउँदै गयो ।

वनमा बाँदरराज चल्यो । बाँदरभित्र पनि गुट उपगुट जन्मन थाले । असन्तुष्ट पक्षले अर्को गुट खोल्यो । ऊ सत्तासीन बाँदरहरुको विरोधमा उत्रियो । अर्कोतिर ढेंडुहरु पनि चुनावमा पराजित भएकोमा पश्चाताप गरिरहेका थिए । वनबासीहरुलाई हामीले सन्तुष्ट पार्न सकेका रहेनछौं भन्ने उनीहरुलाई आत्मग्लानी भयो । उनीहरु वनबासीहरुको समर्थन जुटाउन थाले । बाँदरहरुको अत्याचार धेरै टिक्न सकेन । आखिर वनबासीले बाँदरहरुलाई नराम्ररी चुनावमा पत्तासाफ गरे । बाँदरहरु हेरेका हेर्‍यै भए । ढेंडुहरुले खुसियाली मनाए ।

वनमा नयाँ नियम कानुनको लागि बाँदर, व्याधापक्ष र डेंढुहरुबीच पटक पटक सभा गठन भयो । बैठक, सेमिनार, गोष्ठी धेरै भए । सभाहलमा बाँदर, ढेंडु, व्याधा पक्ष र अन्य कुकुर बिरालाहरु गरी ६०१ को ठूलो टोली गठन भयो । तर तिनीहरुले कानुन बनाउने नाममा भत्तामात्र पचाए । आफैंमा कुटाकुट, मारामार, लुछाचुँडी गर्न थाले । विश्वकै नमुना वन बन्यो त्यो । सबैको तमासा हेर्ने थलो बन्यो । विश्वमै कहीँ नभएको बाँदरतन्त्र, ढेंडुतन्त्र र व्याधातन्त्र ल्याउन थाले । वनबासीलाई त्यो अफापसिद्ध भयो ।

वनमा संविधान बनाउने अन्तिम मिति नजिकिँदै गयो । ढेंडुहरुको सत्तामा बाहुल्यता थियो । बाँदर पक्ष संख्यात्मक र नैतिक रुपमा कमजोर भए पनि शारीरिक रुपमा बलियो थियो । ढेंडुहरुले बाँदर पक्षहरुसँग पटक पटक वार्ता गरे । बाँदर पक्ष सहमतिमा आउन सकेन । ढेंडुहरु बहुमतीय प्रणालीबाट कानुन बनाउने निष्कर्षमा पुगे । आज सभाहलमा ढेंडु, बाँदर, व्याधापक्ष, कुकुर बिराला सबै जम्मा भएका छन् । ढेंडु पक्ष बहुमतीय आधारमा संविधान घोषणा गर्ने पक्षमा छ भने बाँदरलगायत अरु पक्षहरु त्यसलाई रोक्न लाठी मुङ्ग्री लिएर बसेका छन् । सबै आआफ्नै पक्षमा संविधान बनाउने दाउमा छन् ।

आखिर रातको १ बजेतिर बहुमतीय पक्षबाट संविधान घोषणा गर्ने मात्र भनेर प्रस्ताव मात्र के आएको थियो बाँदरहरुले उद्दण्डता प्रदर्शन गरिहाले । सभाहलका माइक, कुर्सी सबै भाँचे । सुरक्षाकर्मी घाइते भए । ढेंडु पक्षका केही नाइकेहरुलाई बाँदरहरुले आक्रमण गरे । कति घाइते भए ।

आखिर जसरी पनि ढेंडुहरुले संविधान जारी गरिछाडे । यिनीहरुको संविधान बनाउन जनताले दिएको म्याद पनि सकियो । अब यिनीहरु फेरि चुनाव गराउने तयारीमा लागे । चुनाव भयो । चुनावमा कहिले बाँदरले, कहिले ढेंडुले त कहिले ब्याधाहरुले वितण्डा मच्चाए । मारामार भयो । कुटाकुट भयो । भनाभन भयो । वनवासीहरु तमासा हेरिरहे । उनीहरुको मतको दुरुपयोग भयो । आखिर ढेंडुले जसरी पनि बहुमत प्राप्त गरेर छोड्यो । वनवासीहरुलाई अनेक सपना बाँडे । झूटा आश्वासन देखाएर मत लुटे । बाँदरहरु चुनावमा नराम्ररी पराजित भए । अब उनीहरुबीच पनि फुट हुन थाल्यो । कोही उद्दण्ड बाँदर बने र कोही सत्तालिप्सामा लागे । कस्ता कस्ता बुद्धिमानी कहलिएका बाँदरहरुको पनि पत्तासाफ भयो । आखिर वनवासीले बाँदरहरुको रवैया चाल पाए र उनीहरुलाई सजाय दिए ।

सत्ताको स्वाद चाखेका बाँदरहरु सत्ता बाहिर बस्न सकेनन् । त्यसैले उनीहरु ढेंडुतर्फ आएर मिले । अब बाँदर र ढेंडुहरु मिलेर बहुमतीय सरकार बनाए । वनवासीहरुले अब त वनमा शान्ति हुने भो । हामीले चाहना गरेको सुख, शान्ति र विकासको सपना अब पूरा हुने भयो भनेर वनवासीहरु मख्ख परे । तर उनीहरुका कुनै सपना पूरा भएनन् । बरु बाँदर र ढेंडुहरुले आफ्नै सेवासुविधा बढाए । वनलाई झन खोक्रो पार्दै लगे । वनको आम्दानी उनीहरुकै पोल्टामा भरे । सेवासुविधा दिने झूटा आश्वासन मात्र दिए वनवासीहरुलाई ।

आज वनमा वनबासीहरुलाई हिँडडुल गर्न पनि सास्ती छ । उनीहरु यो के तमासा हो भनेर झोक्राइरहेका छन् । यिनीहरुले हामीलाई शान्तिको सास फेर्न नदिने भए भनेर सबै चिन्तित छन् । जबसम्म यी बाँदर र ढेंडुहरुलाई तह लगाइँदैन, तबसम्म हामीले शान्तिको सास फेर्न पाउँदैनौं भन्ने चिन्ताले वनबासीलाई सताइरहेको छ ।

बांगा कविता

## नयाँ पार्टीको घोषणा



● प्रेम ओली (ढकलपुरे)

तपाईं म बौलाएँ भन्नु होला
म त छु पूरा पूरा होसमा
भोलि आउनु होला टुँडिखेल
नयाँ पार्टीको हुँदैछ घोषणा
जनतालाई अरुले नभने पनि
हामीले हाम्रो पार्टी सर्बहारा नै भन्ने हो
तर टन्न गाँठ कमाएर धनी बन्ने हो
प्रजातान्त्रिक,लोकतान्त्रिक, डेमोक्याट्रिक
पार्टी भनेर चल्दैन
यस्तो नामले अब कसैको दिमागमा बत्ती
बल्दैन
हामीले पनि पार्टीको नाम
नेकपा खाउवादी
नेकपा कमिसन समाउवादी
नेकपा घूसतान्त्रिक
नेकपा भुसतान्त्रिक भनी राख्ने हो
चोर डाँका फटाह जो आउँछन् डाक्ने हो
चुनाव आएपछि हामीले
उद्योग व्यापारीसित टन्न
चन्दा उठाउने हो
सरकारमा आएपछि व्यापारीले पनि
महँगी कालाबजारीले गरेर जनतालाई
ठटाउने हो
यसरी पार्टी माथि उठाउने हो ।

घर घर ग्यास घर घरमा तेल
पानी जहाज अनि मेट्रो रेल
अरुले भनी सकेको कुरा हो
अब हामीले जनतालाई
घर घर क्यास
रकेट हवाईजहाज दिने भनी ढाँट्ने हो
काम त कसले गरेको छ र यहाँ ?
जसले पनि खाली सपना त बाँट्ने हो
कि अँटुवाले खान्छ कि ढँटुवाले खान्छ
अब हाम्रो पार्टीले पनि

ठूलठूला कुरा नै आँट्ने हो
सरकारमा आएपछि
अरुले नगरेको भए पनि हामीले
आफ्ना नातागोता कार्यकर्तालाई
मजाले सरकारी कोष बाँट्ने हो
नयाँ नयाँ संस्था हुलाएर हुन्छ कि
हाम्रासहित नेताको नाममा चलाएर हुन्छ
सरकारी ढुकुटीबाट टन्न बजेट हाल्ने हो
मन्त्री भए पनि जागिर दिन नसकिएला
यसरी भए पनि कार्यकर्ता पाल्ने हो
अरुले गरुन नगरुन्
हामीले नयाँ नयाँ काम थाल्ने हो
नयाँ नयाँ कदम चाल्ने हो
अरु पार्टीका भए पनि
गुण्डा नाइके ठेकेदारलाई
दुई चार दिन सबलाई जेल हाल्ने हो
जनताको वा वा आएपछि
फेरि पिछे पाइला फाल्ने हो
यति भएपछि यहाँ
सुन, चाँदी, नगदको बाढी आउँछ
त्यो बेला हाम्रो थारो भैंसी त के
दुई महिनाको भए पनि पाडी ब्याउँछ
ल निम्तो छ है भोलिलाई
सके सय पचास मान्छे ल्याउनु होला
नसके एक्लै भए पनि जरुर आउनु होला ।

## ‘प’ को महिमा


**प्रकाश चालिसे**



भगवान भाष्करको उज्यालो कहन्छौ हामी ‘प्रकाश’, र
त्यै ‘प’ बाट सरर ‘पवन’ चल्यो
आहा ‘पात’ त्यो हल्लियो, ‘परिश्रमी’ ‘पद यात्री’
लाई परमानन्द बनायो, अनि बिस्तारमा,
‘प’बाटै नाम रहेको भगवान पशुपतिनाथको, अनि
त्यै भगवानलाई चढाउने ‘पुष्प’ पनि ‘प’ बाट,
मानिसले गर्ने तिनै ‘पाप’ ‘पुण्य’
र ‘पुनर्जीवन’ पनि त्यै ‘प’ बाट,
सर्वश्रेष्ठ गहनामा गनिने ‘पन्ना’ पनि त्यै ‘प’ बाट,
अनि,
समस्त पृथ्वीमा परमात्मा, प्रेम, पैसा, प्रकृति, सबै ‘प’ बाट ।

पर्यटन

# धार्मिक पर्यटकीय गन्तव्य मालिका अर्जुन



दार्चुला । प्रदेश नम्बर ७ को दार्चुला जिल्ला मालिकार्जुन गाउपालिका वडा नम्बर ३ मा अवस्थित आराध्यदेब मालिकार्जुनको महिमा सुन्दा हरेक आध्यात्मीक मनहरुमा सिखर मालिकार्जुन धामको दर्शन गर्ने इच्छ्या जाग्ने गरेको छ । समुद्री सतहबाट झन्डै ३२ सय मिटर उचाइमा रहेको राष्ट्रकै सातौ धाम मालिकार्जुनमा बर्षेनि हजारौ भक्तजन एबं दर्शनार्थीहरुले पुजाआजा एबं दृष्याबलोकन गर्न धाउँने गरेका छन् ।

मानबबस्ती नभएको भगौलीक सुन्दरता, प्राकृतिक श्रोतले सज्जीएको, बिभिन्न बन्यजन्तु चराचुरङगी किटपतगं सहित जैबिक बिबिधताले भरीपुर्ण घना जंगलको बिचमा रहेको श्री शैल्य शिखरमा स्वामी मालिकार्जुन बिराजमान रहेको किम्बदन्तीमा उल्लेख गरीएको छ ।

मालिकार्जुनका बुबा सोमनाथ र आमा जलन्तरी माया तथा छोरोहरु लटिनाथ र गलिनाथ भएको किम्बदन्ती छ । यस्तै मालिकार्जुनका आठओटा रानीहरु रहेको र उनिहरुको लेकम क्षेत्रको बिभिन्न फरकफरक स्थानमा बसोबास रहेको पाइन्छ । पौराणिकता र बुढापाखाहरुका अनुसार शोभाश्रीको बासस्थान लेकम ६ उचाकोट, गोमतीश्री लेकम ५ मैखोली, पिपलाश्री लेकम २ गराडी, धानाश्री लिमा डाडाकोट, गौतमाश्री शंकरपुर गैरा, रुपाश्री चाडी भगवति, शैलेश्वरी ग्वानि आगर र भागाश्रीको मड मालिकार्जुमा बसोबास रहेको छ ।

नेपाल सरकारले २०६५ सालमा राष्ट्रकै सातौ धाम भनेर घोषणा गरेको जिल्लाकै प्रमुख धार्मीक पर्यटकिय स्थल मालिकार्जुनमा बिषेशगरी भदौमा गौरा पर्ब र कार्तीक, मंसीर महिनामा बिसाल जात्रा लाग्ने गरेको छ । मालिकार्जुन मन्दीरबाट झन्डै ५ किलोमिटरको उचाइमा रहेको शैल्यसिखर धाममा असार सुक्ल चतुदर्शी र कार्तिक शुक्ल त्रियोदशीका दिन पुजन जात्रा लाग्ने गरेको छ । हिन्दु धर्मालम्बीहरुको आस्थाको धरोहर सिखर धाममा महिलाको हकमा बिबाहित र पुरुषको हकमा ब्रतबन्ध गरेको १५ दिन पहिलेदेखी चोखोवर्त बसेकाले मात्रै दर्शन गर्न पाउँने किम्बदन्ती अनुसार सोहि बिधि पुरा गरेर सिखर जात्रामा मानिसहरु सहभागि हुने गरेका छन । महाकाली लोकमार्गको चैतलीचोरबाट मालिकार्जुन मन्दीर मड पुग्न पैदल हिडेर २५ मिनेट समय लाग्ने र मडबाट सिखर पुग्न ३ घन्टा समय लाग्ने गरेको छ ।

**धार्मिक, ऐतिहासिक पृष्ठभूमि**

शिबपुराण लगायत बिभिन्न पौराणिक धार्मीक ग्रन्थहरुमा देबाधिदेब महादेबका १२ ओटा ज्वोतिर्लिंगमध्ये दोस्रो ज्वोतिर्लिंग मानिने मालिकार्जुनको ऐतिहासिक पृष्ठभुमि रोचक छ । दक्षिण भारतको आन्ध्रप्रदेश मूलस्थान रहेका मालिकार्जुन स्वामी बिभिन्न ब्याक्तीहरुको सहयोगमा शैल्यसिखर धाममा बसाइ सरेर आएको ऐतिहासिक किम्बदन्तीहरुमा उल्लेख छ । भारतबाट बिभिन्न ठाउँहुदै आएका मालिकार्जुन स्वामीको शैल्यसिखरमा बासस्थान रहेको कुरा स्थानिय देबस्तुतिहरु झोडो, फाग, गौरामा गाइने अठवालि आदिमा समेत बृस्तृत बर्णन गरीएको छ ।

देबस्तुतिमा बर्णन भएअनुसार ११ औ शताब्दीतिर भारतमा मुगल सम्राटहरुको जबरजस्ती धर्मपरिवर्तन गराउँने हिंसात्मक चपेटाबाट बच्न सनातन हिन्दु धर्मालम्बीहरु धर्म रक्षाकालागि दक्षिण भारतबाट काशी, बनारस हुदै अल्मोडा कत्युरबाट अभयराज पाण्डे, निमनाथ योगी, भिम राज भट्ट, धाराधिरा पहलवान र सुरदास औजि दार्चुलाको लेकम गाउँपालिका ५ रिठाचौपाताको जाइझुलमा बास बसेको उल्लेख गरीएको छ । भारतबाट नेपाल आएको उक्त टोलीले आफ्नो नित्य पुजा र धर्मरक्षाकाखातिर झोलामा मालिकार्जुनको प्रतिमुर्तिस्वरुप शिब लिगंल्याएको र सो शिबलिगं बिहान बेलुकि सधै नित्य पुजा गरेर मात्रै खाना खाने गरेको इतिहास छ । ति ब्याक्तीहरुको झोलाबाट आफुभन्दा बढी प्यारो शिबलिगं एकदिन आफै हराएको भनाइ छ । निकै बिस्वास र प्यार गरेर राखेको शिबलिगं हराउँदा निरास बनेका ति ब्याक्तीहरुले १५ दिनसम्म निराहर शिबलिगंकै एकाग्र ध्यान गर्दा अभयराज पाण्डेको सपनामा मालिकार्जुन देखीएको किम्बदन्तीमा उल्लेख छ ।

उनिहरु बसेको रिठाचौपाता भन्दा माथी दोबाटोमा पशुबलि गर्ने सर्बाहारी प्रबृतिको तत्कालिन डिडे राजाको कोट रहेको बुढापाखाहरुले सुनाउँछन । पाण्डेले देखेको सपनामा मालिकार्जुनले उक्त डिड्या राजाले दिनहु पशु बलि गर्दा मनमा अशान्ती भएर एकान्त शैल्यसिखरमा आएर बसेको कुरा जानकारी गराएका थिए । साथै सिखरसम्म पुग्न आफुले एउटा दाँया खुट्टामा निङगालोको सुरा भएको बाघ पठाउँने र उक्त बाघको खुट्टाबाट त्यो सुरा निकालेर नडराइ बाघकै पछिपछि आउँदा बाघले आफ्नो बसाइ रहेको ठाउँसम्म पुर्याउँने बचन दिएका थिए । धर्ममा औधी बिस्वास गर्ने र आफ्ना प्राणभन्दा प्यारो मानेर ल्याएको शिबलिगंको बचन सुनेर बिहानै बाघ आउँने आसामा नुहाइधुवाइ गर्दा मालिकार्जुनले बचन दिएजस्तै बाघ रिठाचौपाता आएको र बाघकै पछिपछि जादा शिखरमा भगवान मालिकार्जुनको दर्शन पाइएको बताइन्छ ।

त्यसपछि सिखरभन्दा ५ किलोमिटर तल गाउँमा १३ औ सताब्दीतिर मालिकार्जुनले माफ्नो दिब्यसक्ती पठाएर मड मन्दीरको स्थापना गरीएको इतिहास छ । अहिले उक्त मन्दीरमा गौरा, जात्रा, पुजाआजा, नबरात्री, जागरण लगायतका धार्मीक गतिबिधिहरु हुदै आएका छन । भने शिखरमा बिशेष पुजन जात्रा मात्रै लाग्ने गरेको छ । मडमा मालिकार्जुनको स्थापना भएपछि पुरै गाउँपालिका गाउँ नै मालिकार्जुन देवताकै नामबाट नामाकरण गरीएको छ । निकै आकर्षक शैलिमा निमार्ण गरीएको मन्दीरमा झन्डै १० मिटरलामो गजुर (देवाल) छ । भक्तजनहरुकालागी आवास भवन, चारैतिर ध्वजाहरुले सजाएको मन्दीरमा आकर्षक प्रबेशद्धार निमार्ण गरीएको छ ।

नेपाल र भारतका भक्तजन दर्शनार्थीहरुको आस्थाको धरोहर मालिकार्जुनमा बिभिन्न आध्यात्मीक गतिबिधिमा संलग्न हुन र आत्मशान्तीकोलागी मानिसहरु चोखोभोको भएर धाउँने गरेका छन । मालिकार्जुन जात्रा पुजन गर्न १५ दिन पहिलेदेखी नै शाकाहारी भोजनमात्रै ग्रहण गर्ने, एक हप्तापहिलेदेखी एक छाक नुहाइधुवाइ खाने, ब्रत बस्ने लगायतका बिधिहरु गर्नुपर्ने नियम छ । हजारौ मानिसहरुको सहभागिता रहने जात्रामा सयौ दामाहा लगायतका बाजागाजाहरु ल्याएर पुजाआजा, रमाइलो गर्ने गरीन्छ । प्रदेश नम्बर ७ कै प्रमुख चाडपर्व मानिने बिशाल गौरापर्व माजिकार्जुनमा लाग्ने गरेको छ । गौरा हेर्न शुदुरपश्चिमका बिभिन्न जिल्ला, भारतको उत्तराखन्ड प्रदेश लगायत क्षेत्रबाट हजारौ मानिसहरु मड मन्दीर आउँने गरेका छन ।

मालिकार्जुन देवताकी आमा जलन्तरीको बासस्थान रहेको भन्डारीघरमा मालिकार्जुन देबताका खरखजाना, पुजन सामाग्री, भगवानको डोली, बिभिन्न बाजागाजाहरु, छात लगायतका सामाग्रीहरु बजाउँदै सजाउँदै पर्वको दिनमा मन्दीरमा ल्याइने गरीन्छ । भाराणिघरदेखी मन्दीरसम्म भोकर, दामाहा लगायतका पन्चेबाजाँ बजाउँदै हर्ष बढाइ गरेर मौतामति, बिनायक, पणिमजेली लगायतका स्थान भएर देबस्थल पुगीन्छ । बाटोको कष्टप्रदयात्रा मन्दीर परिसरमा पुग्दा आफै बिर्शेर स्वर्गपुगेको अनुभुति हुनेगरेको स्थानिय बताउँछन । मन्दीरका पुजारीले गौदान गरेर पबित्रजलद्धारा भगवान स्थान गर्दै बिशेष भोग लगाइ बिभिन्न बाजाँहरु, घन्ट, बिकुल, भोकर बजाउँदै पुजाआजा गर्ने गरीन्छ । श्रद्धालुभक्तजनहरुलाइ मन्दीरका बिभिन्न पदाधीकारीहरुले दर्शनपुजा गराउँदै आर्शीबाद बाड्ने गर्दछन । यसरी मन्दीरमा पुगेर दिनभरी पुजा पद्धति गर्दा मनले चिताएको बरदान शुभ फल प्राप्त हुने जनबिस्वास रहीआएको छ ।

अन्त्यमा, धार्मीक, ऐतिहासीक धरोहरको रुपमा परिचित राष्ट्रकै सातौ धाम मालिकार्जुनको प्रचारप्रसार र सम्बद्धनमा सरोकारवाला निकायहरुको ध्यान जान सकेको छैन । मालिकार्जुन गाउँपालिका मात्रै नभएर दार्चुलाकै धार्मीक पर्यटनको भबिस्य बोकेको मालिकार्जुनको प्रचारप्रसार, संरक्षण, सम्बद्धन गर्ने हो भने आध्यात्मीक मनहरु, आत्मशान्तीकोलागी मन्दीर धाउँनेहरुको उचित गन्तब्य मालिकार्जुन धाम बन्नेमा कुनै दुईमत छैन् ।

*(अनलाइनबाट)*

# काला मण्डेलाकी सहयोगी ती गोरी युवती



**विष्णु भट्टराई**

आगामी साता अर्थात् जुलाई १८ रंगभेद विरोधी विश्वविख्यात दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेलाको सयौं जन्मजयन्ती हो । आजीवन गोराहरुको अत्याचारविरुद्ध लडेका मण्डेला रुसी अक्टोबर क्रान्ति सम्पन्न हुँदा एक वर्षका पुगेका थिए । मार्क्सवादलाई पहिलो पटक कार्यान्वयनमा ल्याउने भ्यादिमिर इलिच लेनिन विश्व कम्युनिस्ट आन्दोलनका महानायक मानिन्छन् भने कम्युनिस्टहरुका महान शिक्षक । कार्लमार्क्स धरतीकै प्रथम कम्युनिस्ट त थिए तर पेरिस कम्युनको पतनले उनको विचार, वादमाथि प्रश्नचिन्ह खडा गऱ्यो । त्यही भएर सायद हुनुपर्छ उनले आफूलाई भनेका थिए- 'मचाहिँ मार्क्सवादी होइन' जब लेनिनले मार्क्सवादको सफल प्रयोग गरे त्यसले विश्व कम्युनिस्ट आन्दोलनमै सुनामी ल्यायो । बोल्सेभिक क्रान्तिले मार्क्सलाई अजर अमर र अजेय त बनायो नै विश्व पुँजीवादको पतनलाई अवश्यंभावी छ भनेर पनि सिद्ध गऱ्यो । मण्डेलाले लडेको समानताको लडाइँ मार्क्सवादबाट प्रभावित भए पनि त्यो वर्गविहीन समाजका लागि थिएन । थियो त सिर्फ गोरा जातिले काला जातिमाथि गर्ने अमानवीय क्रुर व्यवहार विरुद्ध । तैपनि मण्डेला विश्वले श्रद्धा गर्ने महान राजनीतिज्ञ दरिए । मार्टिन लुथरको हत्या गरिएको अमेरिकामा अश्वेत बाराक ओबामा राष्ट्रपति बन्न सफल हुनुमा मण्डेलाको रंगभेद विरुद्धको आन्दोलनकै प्रतिफल हो भन्नु निश्चय नै गलत होइंन ।

सन् १९४० मा उनले कानुन पढेर देशको पहिलो कालाजातिले खोलेको संस्थामा काम गर्न थाले । त्यसबेला दक्षिण अफ्रिकामा स्थानीयले मतदान गर्न मात्र होइन, डच मानिसले अनुमति नदिई एक ठाउँबाट अर्को ठाउँमा जान पनि पाउँदैनथे । तर मण्डेला २० वर्षको हुँदासम्म उनका एकजना पनि गोरा साथी थिएनन् । जब उनले गोरा साथी बनाए, दक्षिण अफ्रिकामा झन् रंगभेद नीतिले बढुवा पायो । सो नीतिले कालाजातिलाई सहरमा बस्ने अधिकार कटौती मात्र गरेन, दुर्गम ठाउँमा जान बाध्य बनायो । तर मण्डेलाले रंगभेदविरुद्ध संघर्ष सुरु गरिसकेका थिए । उनले अफ्रिकन नेसनल कांग्रेसको सदस्यता लिइसकेका थिए । हिंसात्मक बन्दै गएको आन्दोलनले भने उनलाई तर्साउन थालेको थियो । त्यसैले उनले अहिंसाको बाटोलाई प्राथमिकतामा राखे ।

मण्डेला जातिवाद, धर्मवाद र रंगभेद विरुद्धका नायक हुन् । अनि स्वतन्त्रता र मेलमिलापका प्रतिमूर्ति । उनले बाँचुन्जेल धर्म र जातका आधारमा हुने हरेक विभेदका विरुद्ध डटेर संघर्ष गरे । 'वास्तवमा नेल्सन अरुको नेतृत्व गर्नका लागि जन्मेका हुन् उनलाई नजिकबाट चिन्नेमध्येका एक अहमेद खतर्दा भन्छन्- मण्डेला यस्तो परिवारमा जन्मेका थिए जसले अन्याय र विभेदका विरुद्धमा चर्को आवाज उठाउन चाहन्थे ।'

मण्डेलाले गोरा र काला दुवै जातिको दमनविरुद्ध चर्को आवाज उठाए । 'मैले श्वेत र अश्वेत दुवै दमनविरुद्ध लडेको छु ।' सन् १९६४ मा आफूमाथि लगाइएको अभियोगमा अदालतमा मण्डेलाले भनेका थिए । मैले प्रजातन्त्रका आदर्शलाई सम्मान गरेको छु र समाजलाई स्वतन्त्र पार्न चाहन्छु ताकि मानिसहरु मिलेर सँगै बस्न सक्छन् । यो एउटा आदर्श हो, जसलाई म प्राप्त गर्न चाहनछु । तर आवश्यकता परेमा यही आदर्शका लागि म मर्न पनि तयार छु ।' जातीयता र धर्मका नाममा देशमा विखण्डन ल्याउन चाहनेहरुका लागि यी महान नेताका विचार युगौं युगसम्म पनि उत्तिकै सान्दर्भिक हुनेछन् । मण्डेलाले लगातार २० वर्ष दक्षिण अफ्रिकी सरकारविरुद्ध रंगभेद विरोधी शान्तिपूर्ण आन्दोलनको नेतृत्व गरे ।


दक्षिण अफ्रिकाको ट्रान्सवीमा सन् १९१८ को जुलाई १८ मा जन्मिएका मण्डेला संसारकै सबभन्दा बढी प्रशंसा गरिएका क्रान्तिकारी नेता हुन् । उनले अफ्रिकामा रंगभेदविरोधी आन्दोलनको नेतृत्व गरेक थिए । युनिभर्सिटी कलज अफ फोर्ट र युनिभर्सिटी अफ विदवाटर्सलेन्डबाट योग्य कानुनविद बनेका मण्डेला सन् १९९४ देखि १९९९ सम्म एक कार्यकालका लागि दक्षिण अफ्रिकाको राष्ट्रपति बनेका थिए ।

सन् १९४४ मा अफ्रिकी नेसनल कांग्रेसमा आबद्ध भएलगत्तै उनको राजनीतिक करिअर सुरु भएको थियो । दक्षिण अफ्रिकाली सरकारले सन् १९४८ मा ल्याएको रंगभेद नीतिको विरोधमा सुरु भएको आन्दोलनको उनले नेतृत्व गरेका थिए ।

सन् १९६१ को जुन महिनामा अफ्रिकी नेसनल कांग्रेसको कार्यकारी बैठकले विभेद विरुद्धको हिंसा अपनाउने नीतिलाई स्वीकार गऱ्यो । साथै मण्डेलाको अभियानमा सहभागी हुन चाहने मानिसलाई उत्साहित बनायो । तत्कालै मण्डेलाको पहलमा एएनसीको लडाकु दस्ता उमरवोन्टो वी सिजवी गठन भयो । जसको नेतृत्व मण्डेलाले नै गरेका थिए । सन् १९६२ मा पक्राउ परेका मण्डेलालाई राजद्रोहलगायतका अनेकौं अभियोगमा ५ वर्षको जेल सजाय सुनाइयो । तर सन् १९६३ मा उनको लडाकु दस्ताले हिंसाको बलमा सरकारलाई च्युत गर्न लागेको आरोपमा मण्डेला लगायत अन्य सदस्यलाई राजद्रोहको आरोप लगाइयो ।

रिहाइपछि मण्डेला आफ्नो जीवनकै महान् लक्ष्यमा फर्किएका थिए । जुन लक्ष्यमा चार दशक अगाडि उनी र अन्य अभियन्ताहरुले तय गरेका थिए । सन् १९६० मा प्रतिबन्ध लागेपछि एएनसीको पहिलो राष्ट्रिय सम्मेलन १९९१ मा सम्पन्न भयो । सम्मेलनपछि मण्डेला एएनसीको निर्वाचित अध्यक्ष बने भने उनका साथी ओलिमा ताम्बे संगठनको राष्ट्रिय अध्यक्ष । मण्डेलाको नेतृत्व र कामको त्यतिबेला पहिचान भयो जतिबेला तत्कालीन राष्ट्रपति एफ डब्लु डे क्लार्कसँग मण्डेलालाई संयुक्त रुपमा अन्तर्राष्ट्रिय नोबेल शान्ति पुरस्कार प्रदान गरियो । मण्डेला जेल बाहिर आएपछि दक्षिण अफ्रिकामा आमूल परिवर्तन आयो । एएनसीले मात्र मण्डेलाको समर्थन गरेन बोथा लगायत तत्कालीन सरकारी अधिकारीहरुले पनि उनलाई सहयोग गरे । त्यसपछि मण्डेलाले पछाडि फर्कनु परेन ।

उनले राजनीतिक जीवनबाटै संन्यास लिए । उनले कार्यकाल सकिएलगत्तै थाबो मावेकीलाई राष्ट्रपतिको उत्तराधिकारी बनाए । राजनीतिबाट संन्यास लिए पनि उनी सामाजिक काममा भने लागिरहे । मण्डेला राष्ट्रपति हुँदा उनको निजी सहयोगी भएर काम गर्ने महिला भने गोरी थिइन् । एउटी गोरी महिला भएर पनि उनले रंगभेद विरोधी आन्दोलनको नेतृत्व गर्दै राष्ट्रपति बनेका मण्डेलालाई सधैं सहयोग गरिरहिन् । मण्डेलाको बारेमा ती गोरी महिला यसो भन्छिन्-



'उनको निजी सहयोगी भएर काम गर्नुपूर्व म काला जातिको घोर विरोधी थिएँ,' दक्षिण अफ्रिकी पूर्वराष्ट्रपति तथा रंगभेदविरोधी नेता नेल्सन मन्डेलाको लामो समयसम्म निजी सहयोगी भएर काम गरेकी जिल्डाला गन्ज भन्छिन् । मन्डेलाकी विश्वासपात्र समेत रहेकी अश्वेत जिल्डा भन्छिन्, 'जीवनको पूर्वाद्धतिर फर्केर हेर्दा त्यस्तै २३ वर्षको कलकलाउँदो जवानीमा म कालाहरूको निन्दा गर्थें । त्यो उमेरका अपरिपक्वता पनि हुन सक्छ ।' लगातार १९ वर्षसम्म मन्डेलाको सहयोगी बनेकी उनले मन्डेलाका आनीबानी र गोप्य कुराहरू पनि सार्वजनिक गरेकी छन् । मन्डेलालाई जेल लगिएको अर्को वर्ष जिल्डा जन्मेकी थिइन् । तर संयोगवश विश्वकै अश्वेत नेताको विश्वासपात्र हुने मौका मिल्यो तथापि उनी त्यस्तो संस्कार वा वातावरणमा हुर्केकी थिइनन् । न त देशको राजनीतिबारेमा पूर्ण रूपमा विज्ञ नै थिइन् । यतिसम्म कि सन् १९९० मा मन्डेलालाई जेलबाट छुटाइने सरकारी घोषणासमेतको उनले भेउ पाएकी थिइनन् । पाउन् पनि कसरी ? उनको उमेर नै चुलबुले थियो ।

फेब्रुअरीको एक दिन उनी एक पौडीपोखरीमा पौडी खेलिरहेकी थिइन् । त्यति नै बेला उनको बाबु पोखरीनजिक पुगेर खुइय गर्दै भने, 'छोरी, फेरि हाम्रा संकटको दिन आउने भए नि ।' 'तपाईंले के भन्न खोजेको ?' मन्डेलाकी भावी विश्वासपात्र जिल्डाले प्रश्न गरिन् ।

'मण्डेला नाम गरेका आतंककारी आज जेलबाट छुट्दै छ रे नि,' बाबुको जबाफ थियो । जिल्डाले अझै बुझ्न सकिनन् र बाबुलाई प्रस्ट भाषामा बुझाइदिन आग्रह गरिन् । 'नेल्सन मन्डेला नाम गरेका आतंककारीलाई सरकारले छुटाउनुभयो,' आक्रोशित मुद्रामा बाबुले जबाफ फर्काए । उनी निरन्तर पौडी खेलिरहिन् । बाबुको कुराले उनलाइ खासै छोएन । छोओस पनि कसरी ? उनलाई मन्डेला भन्ने मान्छे कुन चराको नाम हो भन्ने समेत थाहा थिएन । 'मेरा बाबु मन्डेलाको नाम पनि सुन्न चाहन्नथे,' उनी खुलासा गर्छिन् । दरखास्त दिन जाँदा मन्डेलासँग भेट सन् १९९४ को ऐतिहासिक निर्वाचनपछि जब मन्डेला राष्ट्रपति बने संयोगवश जिल्डा राष्ट्रपतिको कार्यालयले आह्वान गरेको टाइपिस्ट पदको दरखास्त दिन त्यहाँ पुगिन् । तत्कालै मन्डेलाकी निजी सचिव जिल्डा भएतर्फ पग्लिनु र कार्यालयमा एकजना महिला टाइपिस्ट तत्काल आवश्यक परेको बेलीबिस्तार लगाइन । जिल्डाले उत्तिखेरै दरखास्त दिइन् । 'अप्रत्यासित रूपमा म छनोटमा परे,' उनी भन्छिन् । वास्तवमा मन्डेलासँग जिल्डाको पहिलो भेट निकै अविस्मरणीय थियो ।

'राष्ट्रपतिसँगको पहिलो भेटले मेरो जीवनमा युटर्न मोड लियो,' उनी भन्छिन् । मन्डेला निकै दयालु थिए । थप्छिन्, 'जतिबेला पनि मस्कुराइरहन्थे मन्डेला ।' उनीसँगको भेटमा मन्डेला जिल्डाका मातृभाषामा (अश्वेतले बोल्ने भाषा) बोलेका थिए । 'मन्डेलालाइ सुरुमा भेट्दा मलाई निकै डर लागेको थियो,' उनी भन्छिन् । एक सामान्य नागरिक राष्ट्रपतिसँग पहिलो पटक भेट गर्दा सहज त हुने कुरै भएन । उनलाई पनि अत्यास लाग्यो । उनको समस्यामा तत्काल राष्ट्रपतिले बुझे र भने, 'तिमी धेरै डराएकी छौ, सहज महसुस गर ।' तर, समयको आवश्यकतालाई कसले पो रोक्न सक्छ र ? टाइपिस्टको जागिर खान आएकी काला विरोधी ती महिला राष्ट्रपतिको विश्वासपात्र र अन्त्यमा सहयोगी पो बनिन् । सुरुमा भएन अमनचयन मन्डेलाको राष्ट्रपतिको पहिलो कार्यकालको सुरुको एक वर्षमा जिल्डाको दिल खुसी हुन सकेन । 'सुरुका दिनमा मन्डेलाको सहयोगी बन्दा खासै रमाइलो अनुभूति भएन,' उनी भन्छिन् । होस् पनि कसरी ?

मन्डेला जतिबेला पनि राजनीतिक गफ र भेटघाटमा मात्रै केन्द्रित हुने गर्थे । 'सो बेला मन्डेला एउटा रमाइलो सम्बन्धमा गाँसिएको पनि मैले पाइनँ', उनी भन्छिन् । त्यसो भए मन्डेला पूर्ण निरस थिए त ? जीवनमा उनले महिलालाई निषेध नै गरे त ? यस्तै जिज्ञासाको धीत मर्ने गरी उत्तर पाउन पनि अवसर जुट्यो उनलाई । मन्डेलाको पेरिस भ्रमणले यस्तो साइत जुराएको थियो । 'म मन्डेलाको ढोकानजिकै पुगें । तर, बन्द रहेछ ।' फेरि उनी अन्य कोठाको पनि चियो गर्न पुगिन् । मन्डेला र एक महिलाबीचको खासखुस बाहिरैबाट सुनिन् उनले । उनी दौडँदै राष्ट्रपतिका प्रवक्तासमक्ष पुगिन् र भनिन्, 'निकै फसाद परेजस्तो छ, राष्ट्रपतिको ढोका बन्द छ र भित्र एकजना महिला छिन् ।' 'मलै मन्डेलाज्यूलाई महिलासँग बसेको भेउ पाएँ । यो हाम्रो अनुमानविपरीत घटना हो । मन्डेला महिलासँग बसिरहेका छन्,' उनले प्रवक्तालाई बेलीबिस्तार लगाइन् । मन्डेलाका बारेमा सर्वत्र चासो हुनु र विरोधीलाई मन्डेला आपत्तिजनक अवस्थामा भेटेका अफवाह फैलाउने मसला हुने जिल्डाले प्रवक्तालाई सचेत गराइन् ।

जिल्डा घात्लिँदै गर्दा अकस्मात मन्डेलाको कोठा खुल्यो । केही क्षणपछि उनलाई राष्ट्रपति बसेको फ्ल्याटमा बोलाइयो । 'यी मेरी साथी ग्रासा माचेल हुन् । ग्रासालाई पनि तिमीले मलाइ जस्तै हेरविचार गर्नु ल । आगामी कार्यक्रममा उनी हामीसँगै यसरी बनिन रंगभेदी महिला मन्डेलाका सहयोगी जानेछिन् । तसर्थ, उनीमाथि पनि तिमीले नजर राख्दै गर्नु,' मन्डेलाले निर्देशन दिए । 'त्यसपछि मन्डला र ग्रासाबीचको रोमान्टिक सम्बन्धले निकै गाढा रूप लियो,' जिल्डा भन्छिन् । ग्रासाको प्रवेशपछि मन्डेलाको जीवनले नयाँ मोड लियो । एक बिहानै र साँझपख सडकमा हातमा हात जोडेर घुम्ने यो जोडीको नियमित दिनचर्या नै बनिसकेको थियो । नेल्सन र एलिजाबेथ मन्डेला मात्र यस्ता व्यक्ति थिए जसले बेलायतकी महारानी एलिजावेथलाई केवल 'एलिजाबेथ' भनेर बोलाउँथे । मानौं उनीहरू दुईजना घनिष्ठ साथी हुन् । मन्डेलाले एलिजाबेथ भनेर बोलाएको ग्रासलाई पनि त्यति मन परेको थिएन । एक पटक ग्रासाले मन्डेलालाई एलिजाबेथको नाम नकाढ्न आग्रहसमेत गरेकी थिइन । 'ग्रासाले मन्डेलालाई तिमीले एलिजाबेथ भनेर नबोलाउन आग्रह गर्दा म निकै प्रभावित भएकी थिएँ,' उनी भन्छिन् । 'मलाई मन्डेला भनेर बालाउँछिन भने उनलाइ एलिजाबेथ भन्न के आपत्ति, मन्डेलाको तर्क थियो । 'वास्तवमा मन्डेलाले रानीलाई सम्मान नै गर्थे तर उनीहरूबीच घनिष्ट सम्बन्ध भएकाले एक-अर्कालाई नाम काढेर नै बोलाउँथे ।

'रानीलाई यसको वास्तविकताबारे राम्रै ज्ञान थियो,' उनी भन्छिन्, तर रानी र मन्डेलाबीचको सम्बन्ध पनि निकै दुर्लभमध्येको एक थियो । निकै घनिष्ट मित्रजस्तो । बकिङघम दरबार भ्रमणको अवसरमा एक पटक मन्डेला बेलायतकी महारानीसँगै हिँडेका थिए । 'ए एलिजाबेथ तिमीले आफ्नो तौल घटाउनुपर्छ है,' मन्डेलाले त्यतिखेर महारानीलाई सुझाएका थिए । बेलायतकी महरानीलाई नाम काढेर बोलाउँदा केहीले अस्वाभाविक पनि मान्थे । वास्तवमा मडीबाले सम्पूर्ण महिलालाई उत्तिकै सम्मान र माय गर्थे । गोप्य डिनरमा पनि उनकै साथ जिल्डा र मन्डेलाबीच यति निकटता थियो कि इरान भ्रमणका अवसरमा आयोजित डिनर पार्टीमा समेत जिल्डालाई छुटाएनन् । इरानको तत्कालीन राष्ट्रपति मोहमद खतामीर मन्डेलाबीचको निजी भोजमा पनि उनलाई डाकिएको थियो । 'अकस्मात दुईजना नेताको बीचमा म मात्र पाउँदा मलाई निकै अनौठो लाग्थ्यो । साबेला इरानी राष्ट्रपतिलाई दक्षिण अफ्रिकाको इतिहासबारेमा बेलिबिस्तार लगाउनुपर्थ्यो,' उनी भन्छिन् । मन्डेला प्रसन्न मुद्रामा खाना खाइरहन्थे । उनी बिरलै बोल्थे । 'केवल हामीले दुई देशको इतिहास भनेको सुनेर बस्थे । आफ्ना इरानी समकक्षीलाई मैले रमाइलो अनुभूति गराएको देख्न मन्डेला चाहन्थे ।'

मण्डेला राजनीतिक रुपमा सफल भए पनि पारिवारिक रुपमा भने असफल मानिन्छन् । उनले बिन्नीसँग विवाह गरेका थिए । तर पछि यी दुईबीचको सम्बन्ध टुट्न पुग्यो । मण्डेलाले जीवनको उत्तरार्द्धमा फेरि पनि जीवनसाथी रोजे तर विधवा बन्न पुगिन् ती महिला । मण्डेलाको टुटेफुटेको पारिवारिक जीवनमा लिन्डाले खासै हरियाली ल्याउन सकिनन् तर मण्डेलालाई सफल बनाउन उनको पनि राम्रै हात रहेको स्वीकारिन्छ ।

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### श्रीमती बोक्ने प्रतियोगिता

फिनल्याण्डको सोन्काजार्भी शहरमा शनिबार श्रीमती बोकेर दौडिने प्रतियोगिताको आयोजना गरिएको छ ।

प्रतियोगितामा ५३ जना पुरुषहरु आफ्नी श्रीमतीलाई बोकेर एकघण्टा दौडिए र उक्त दृष्यलाई हेर्दै हजारौं दर्शकहरुले मज्जा लिए । वल्र्ड वाइफ क्यारिङ्ग च्याम्पियनसीपअन्तर्गत योपटक भएको प्रतियोगिता २३ औं हो । हरेक वर्ष यो प्रतियोगिता हुने गरेको छ ।

४२ सय जनसंख्या भएको उक्त शहरमा हुने श्रीमती बोक्ने प्रतियोगिता हेर्न विश्वभरका हजारौं मानिसहरु आउने गरेका छन् । अमेरिका, बेलायत, स्विडेन, इस्टोनियालगायतका विभिन्न १३ देशबाट छनोट चरण पार गरेका ५३ जोडीहरु फाइनल चरणको प्रतिस्पर्धामा उत्रिएका हुन् ।

अन्य ५२ प्रतिस्पर्धीलाई पछि पार्दै लिथुआनियाका भिटाउटास किर्कलियाउस्कासले यो वर्षको स्वास्नी बोक्ने प्रतियोगिताको उपाधि जिते । दुई सन्तानका पिता भिटाउटासले पत्नी नेरिंगा किर्कलियाउस्केनीलाई बोकेर सबैभन्दा छिटो दौड पूरा गरे । ६ पटकका विश्व विजेता टाइस्टो मेटिनेनले दोश्रो स्थानमा चित्त बुझाए ।

श्रीमती बोकेर दौडिने बाटो सजिलो थिएन । जसमा सिधा बाटोमा दौडिने देखि हिलो र चिप्लोमा घस्रिने सम्म गर्नुपर्थ्यो । यो जोडीले सन् २००५ देखि निरन्तर यो प्रतियोगितामा भाग लिँदै आएको थियो ।

### ६० श्रीमतीका लोक्ने

दुई श्रीमतीको पोई कुनो बसी रोई भन्ने उखानलाई मान्ने हो भने कुनै पनि पुरुषले एकभन्दा बढी श्रीमतीलाई मिलाएर राख्न कठीन छ । तर यो दुनियाँमा एकजना यस्ता मानिस छन् जसले एकदुई जना होइन पूरै ६० जना पत्नीलाई मिलाएर राखेका छन् ।आधुनिक युगमा समेत ६० वटी पत्नीका जोई हुनु कुनै चानचुने कुरा होइन । हुनत यी व्यक्ति पनि चानचुने कहाँ हुन् र ? उनी परे कोन्याक आदिवासी समुदायका राजा । उनको नाम अंग नगोवांग हो । उनको राज्यमा कूल ७५ वटा गाउँ छन् । भारत र म्यान्मारको बीचमा पर्ने आदिवासी क्षेत्र यिनको राज्य हो । गाउँको आधा हिस्सा भारतमा र आधा हिस्सा म्यान्मारमा पर्दछ । यो राज्यका मानिसहरु म्यान्मारमा खाना खाएर भारतमा सुत्न जान्छन् भनिन्छ ।

यी राजाका छोरा म्यान्मारको सेनासँग आबद्ध छन् । यो राज्यका मानिसहरुलाई भारत र म्यान्मार दुवै देशको नागरिकता दिइएको छ । गाउँलेहरु निकै खुसी छन् ।

### मृतकको नाकमा कपास

हामी सबैले देखेकै छौं कि मानिस मरिसकेपछि उसको नाकमा कपास कोचिन्छ । मरेको मानिसले कथन् कदाचित फेरि स्वास फेर्न नपाओस् भन्नका लागि पो यसो गरिएको हो कि ? भन्नुहोला । तर होइन । यसको खास कारण यस्तो छ ।

यसका पछाडि वैज्ञानिक र आध्यात्मिक दुवै कारण रहेका छन् । कुरा गरौं वैज्ञानिक कारणको । मृत्युपछि मानिसको नाक तथा कानबाट पानी निस्कन्छ । सोही पानी बाहिर नचुहियोस् भन्नका लागि नाक र कानमा समेत कपास कोच्ने गरिन्छ । साथै लासमा निकै छिटो संक्रमण हुने भएको र नाकबाट किटाणुको संक्रमण छिटो हुने हुनाले पनि नाकको प्वाल छोपिदिने गरिन्छ ।

हिन्दु धर्ममा शवको नाकमा कपास कोच्नुको धार्मिक कारण पनि उल्लेख छ । गरुण पुराणका अनुसार मृतकको सरीरका विभिन्न खुला भागहरुमा सुनको टुक्रा राखिदिनुपर्दछ । नाक, कान, आँखा, मुख जस्ता ठाउँमा सुनको टुक्रा राखिदिनुपर्ने यहीँ धार्मिक मान्यता रहेको र नाकको हकमा प्वाल अलिक ठूलो हुने र सुनको सानो टुक्रा खस्ने भएको हुँदा नाकभित्र सुनको टुक्रा हालेर त्यसलाई बाहिरबाट कपासले छोपिदिने गरिन्छ ।

### मसानघाटमा नेताजी

हालै पाकिस्तानमा एकजना नेताले चुनावी प्रचारको क्रममा ढलको पानीमा सुतेर फेसबुक लाइभ गरेको समाचार आएको छ । उता भारतका नेताजी चाहिँ अझै एक कदम अघि बढेर मसानघाटमै रात बिताएका छन् ।

भारतको आन्ध्रप्रदेशस्थित तेलुगु देशम पार्टीका सांसद् निम्मला रामा नायडूले हालै मसानघाटमा सुतेर रात बिताएका हुन् । आन्ध्रप्रदेशस्थित पश्चिम गोदाबरी जिल्लामा रहेको एउटा मसानघाटमा उनले रात गुजारे । मसानघाटस्थलमा भइरहेको निर्माण कार्यमा रोकावट नआओस् र मजदुरहरुमा भूतप्रेतका सम्बन्धमा रहेको अन्धविश्वास र डर हटोस् भन्नका लागि ती नेताजीले मसानघाट सुत्ने खाट लगेर त्यसमा ओछ्यान लगाएर रात बिताएका हुन् ।

आर्यघाटको पुनर्निर्माण चलिरहेको अवस्थामा मजदुरहरुले भूतको डरका कारण एकपछि अर्को गर्दै मजदुरले काम छाडेको विषयमा स्थानीय नगरपालिकाले जानकारी गराएपछि सांसदले यस्तो जुक्ति अपनाएका हुन् । सांसद निम्मला गत जुन २२ मा रातको समयमा सुत्ने खाट र विस्तारासहित मसानघाटमा एक्लै पुगे र उक्त ओछ्यानमा रातभर सुते । आफू अझै दुई तीनदिन मसानघाटमा बिताउने र यसो गर्दा मजदुरको मनमा भएको डर भाग्ने दाबी सांसदको छ ।

उता सांसदले मसानघाटमा एक्लै रात बिताएपछि मजदुरहरुमा डर हट्दै गएको र निर्माण कार्यले गति लिएको बताइएको छ ।

### पत्नीलाई जुत्ताको पानी

अहिलेको डिजिटल युगमा महिलाहरु पुरुषसँग काँधमा काँध मिलाएर हिँडिरहेका छन् । पुरुषले गर्ने काम गर्न महिलाहरु सक्षम छन् । तर भारतमा एउटा यस्तो ठाउँ पनि छ जहाँ महिलाहरु नरकको जीवन भोग्न बाध्य छन् । अनि महिलाहरु केवल पुरुषको उपयोगिताको साधन बनिरहेका छन् ।

भारतको राजस्थानस्थित भिलवाँडा गाउँमा महिलाहरुलाई उनीहरुका लोग्नेको जुत्ताको पानी खुवाइन्छ । गाउँमा रहेको बंक्याराणी माता मन्दिरमा महिलालाई आफ्नो लोग्नेको जुत्तामा पानी भरेर पिलाउने प्रथा रहेको छ । यसो गर्नाले शौभाग्य प्राप्त हुने र महिलाको शरीरबाट भूत उत्रिने विश्वास गरिन्छ ।

शरीरमा भूत पसेको आशंका भएसँगै महिलालाई उनीहरुका लोग्नेसँगै देवी मन्दिरमा लगिन्छ । त्यसपछि लोग्नेले आफ्नो खुट्टामा लगेको जुत्ता फुकाल्छन् । भूत भगाउने तान्त्रिकले हातमा उक्त जुत्ता लिएर भूत लागेको भनिएकी महिलाको जिउमा क्रूर ढंगले जुत्ताले कुट्दछन् । त्यसपछि महिलालाई उक्त जुत्ता मुखले टोकेर गाउँ घुम्न लगाइन्छ र अन्त्यमा उक्त जुत्तामा पानी भरेर पिउन लगाइन्छ ।

### अनौठो मन्दिर

आमरुपमा मन्दिरमा धुपबत्ति गर्ने तथा फूलप्रसाद, दक्षिण आदि चढाइन्छ । तर भारतको हिमाचलमा एउटा यस्तो मन्दिर छ, जहाँ फूलप्रसाद होइन, गाडीका बिग्रिएका पाटपुर्जा, नम्बर प्लेट तथा घरमा रहेका थोत्रा औजारहरु लगेर चढाउने गरिन्छ ।

यो मन्दिर जंगलको बीचमा रहेको छ । बनशीरा देवतालाई जंगलका देवता भनिन्छ । यो मन्दिरमा न त कुनै छानो छ, न त कुनै पुजारी नै । तर यसको किर्ति निकै दूरसम्म छ । थोत्रामोत्रा चिज चढाउनका लागि टाढा टाढाबाट मानिसहरु यो मन्दिरमा धाउँछन् ।

पुजारीहरुका अनुसार मानिसहरुले सदियौं देखि यो मन्दिरमा घरका पूराना औजारहरु चढाउने गरेका छन् । समय बित्दै जाँदा मानिसहरुले गाडीका पाटपुर्जा र नम्बर प्लेटसम्म मन्दिरमा चढाउन थाले । यसरी गाडीका पाटपुर्जा तथा घरका औजारहरु मन्दिरमा चढाउनाले भगवानको कृपादृष्टि रहने र कुनै संकट नआउने आम विश्वास रहेको छ । गाडीको कुनै पाटपुर्जा बारम्बार बिग्रेर दुख दिइरहेमा एकपटक बिग्रेको पाटपुर्जा लगेर मन्दिरमा चढाउने र त्यसपछि गाडी मर्मत गरेमा गाडी लामो समयसम्म नबिग्रने विश्वास गरिन्छ ।

### ज्योतिषी बिरालोको मृत्यु

जारी विश्वकप फुटबलका विभिन्न ६ वटा खेलको सही भविष्यवाणी गर्ने एउटा चिनिया बिरालोको मृत्यु भएको छ । उक्त बिरालोको असामयिक निधनपछि चिनियाँ सोसल मिडियामा हजारौं मानिसहरुले श्रद्धाञ्जली प्रकट गरेका छन् । बैडियानएर नामको उक्त सेलिब्रेटी बिरालोका सुन्तला रङको भुत्ला थिए । यो बिरालो बेइजिङको फोर्बिडन सिटीस्थित दरबार संग्राहलय परिसरमा बस्दथ्यो ।

यो बिरालोलाई विश्वकप फुटबलका खेलहरुको भविष्यवाणी गर्नका लागि खेल हुन थालेका दुई देशका झण्डा राखिएको खानेकुरा सहितका दुई भाँडा दिइन्थ्यो । त्यसक्रममा उक्त बिरालोले ६ वटा खेलको सही भविष्यवाणी गरेको थियो । सही भविष्यवाणीका कारण बिरालो चर्चित बनेपछि संग्राहलयले बिरालोको नाममा चिनियाँ सोसल साइट वेइबोमा अकाउन्ट समेत खोलिदिएको थियो ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## विधिको विधान

एउटी आईमाई रूँदै बुद्ध सामु आइपुगिन् । गौरी नाम थियो उनको । बुद्धसँग बिलौना गर्दै रूँदै भन्न थालिन् उनी–लौन मेरो छोरा बचाइदिनुपर्‍यो । मेरो एकमात्र छोरो कुलको चिराग भर्खरै मर्‍यो । तपाईं त तन्त्रमन्त्र जान्नुहुन्छ । तपाईं तान्त्रिक पनि हो । लौन मेरो छोरालाई बचाउन केही गरिहाल्नोस् ।

बुद्धले ती महिलाको मनोदशा बुझे । उनलाई थाहा भयो अब यिनलाई अर्ति उपदेशले कुनै प्रभाव गर्नेवाला छैन । बुद्धले रोइरहेकी ती महिलालाई भने ठीक छ म तिम्रो छोरालाई बचाउने प्रयास गर्नेछु । त्यसका लागि मलाई अलिकति सर्स्युंको आवश्यकता छ । महिलाको रूवाई हठात बन्द भयो । उनको अनुहारमा चमक देखियो । उनले तुरून्त भनिन्– सर्स्युं त म खोजेर ल्याइहाल्छु नि ।

बुद्धले फेरि भने ठीक छ सर्स्युं खोजेर ल्याऊ । तर त्यो सर्स्युं त्यस्तो घरको हुनुपर्नेछ जुन घरमा आज पर्यन्त कोही मरेको छैन । ती महिला हुन्छ भन्दै सर्स्युंको खोजीमा निस्किन् । उनी जुन जुन घरमा गइन्, सबैका घरमा सर्स्युं त फेला पर्‍यो तर मान्छे नमरेको कुनै घर फेला परेन । डुल्दा डुल्दा उनी थकित भइन् । जुन घरमा गएर सर्स्युं माग्छिन् सर्स्युं दिन्छन्, घरवालाले । अनि उनी पो घरमा कोही मरेको छ कि छैन भनेर सोध्छिन्, कोही न कोही मरेकै भनेर जवाफ पाउँछिन् । घर घुम्दाघुम्दा दिन चिप्लिन लाग्यो । उनी निराश भएर बुद्ध सामु आइपुगिन् र भनिन्– मान्छे नमरेको त कुनै घर रहेनछ । त्यस्तो घर फेला पार्न सकिएन अब के गर्ने ?

बुद्धले शान्त भावमा ती महिलालाई सम्झाए– हेर धरतीमा रहेका सबै प्राणी नश्वर छन् । जो जति जन्मन्छन् ती सबैले एकदिन मर्नैपर्छ । बच्चा जन्मिँदा उसले मृत्यु पनि सँगै लिएर आएको हुन्छ । तर हामी त्यस सत्यलाई बुझ्न सक्दैनौं । यो संसार विधिको विधानअनुसार चलेको छ । जन्मनु र मर्नु पनि विधिको विधान नै हो । तिम्रो छोराले आजसम्मको जीवन पाएको थियो विधिको विधानअनुसार । विधिको विधान मृत्युलाई कसैले पनि बदल्न सक्दैन ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आत्मविश्वासको कमीले काममा पछि परिनेछ। अर्थ अभावले पनि अलि सताउन सक्छ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। प्रयत्न गर्दा बोलीको प्रभावले काम बनाउन सकिनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुन सक्छ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम बिस्तारै बन्नेछन्।

### बृष

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला।

### मिथुन

घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउने हुँदा होसियारीसाथ काममा जुट्नुहोला। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। बेहोसीले नोक्सान पुर्‍याउन सक्छ। नाम र दामका लागि आज गरिएको खर्च व्यर्थ हुने हुँदा सजग रहनुहोला। केही दौडधुप गर्नुपरे पनि पछिका लागि लगानी बढाउने समय छ। प्रयत्न गर्दा विदेशयात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ।

### कर्कट

प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ। नयाँ काम प्रारम्भ हुनेछ भने मनग्गे आम्दानी बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। विभिन्न परोपकारी काममा प्रवृत्त भइनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। सहयोगीहरूको साथ पनि जुट्नेछ। मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ।

### सिंह

तारिफयोग्य कामको चर्चा हुनेछ। उपलब्धिको स्रोत प्राप्त हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले विशेष स्थान दिलाउन सक्छ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर जुट्नेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला।

### कन्या

अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समयमा लगनशील बन्न नसक्ता अलि पछि परिनेछ। नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला। कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ। परिस्थितिवश अरूका काममा अमूल्य समय बित्नेछ। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला।

### तुला

अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। नयाँ योजना अघि बढाउन हतार नगर्नुहोला। रोकिएका काममा भने दोहोर्‍याएर प्रयत्न गर्ने बेला आएको छ। सम्भावना कम देखिएका काममा पनि परिस्थितिले उपलब्धि दिलाउन सक्छ। नचिताएका व्यक्तिले साथ दिनेछन् भने सोच्दै नसोचेको प्रतिफल हातलागी हुन सक्छ। कमजोर नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला।

### बृश्चिक

मनोरञ्जनमा अलमलिँदा काममा पछि परिनेछ। समय अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ। केही अप्ठ्यारा परिस्थिति आउनाले आफन्तसँग असमझदारी बढ्न सक्छ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्ने देखिन्छ। व्यावसायले यात्रा गराउन सक्छ। काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ।

### धनु

पहिलेको सफलताले हौसला जगाउनेछ र पछिका लागि विशेष काममा जग बसाउने मौका छ। विभिन्न अवसर प्राप्त हुनेछन्, मनग्गे फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु र रोगबाट भने सजग रहनुपर्ला। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ।

### मकर

अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ। अरूको भरपर्दा धोका हुन सक्छ। मिहिनेत गर्दा नतिजा सकारात्मक हुनेछ। प्रयत्न गरेका काम सम्पादन हुनेछन्। अभिभावक तथा शुभचिन्तकहरूले राम्रो साथ दिनेछन्। अध्ययनमा गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ। भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ।

### कुम्भ

हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला। निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला। बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्ला। स्थायी सम्पत्तिमा विवाद आउन सक्छ।

### मीन

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ। विशेष उपहार हातलागी होला। कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ। पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ । मिष्ठान्न भोजनको योग छ ।

## सबैभन्दा व्यस्त कलाकार

जुनसुकै भूमिकामा फिट हुने कलाकार हुन् दयाहाङ राई । 'लुट' मा 'गोफ्ले' को भूमिका निर्वाहा गरेपछि रातारात चम्किएका उनी अहिलेका सबैभन्दा व्यस्त कलाकारको लिस्टमा दरिन्छन् । महंगा अभिनेताको सूचीमा पनि उनको नाम टपमा आउँछ । गएको वर्ष महिनैपिच्छे नयाँ फिल्म लिएर हल छिरेका उनी यस वर्षका लागि दर्शकलाई फिल्म 'भैरे' पहिलो कोशेसी स्वरुप दिँदैछन्, जुन साउन ४ गतेबाट प्रदर्शनमा आउँदैछ । यसमा उनी लिड रोलमा छन् । एभरेष्ट सूर्य बोहरा निर्देशित यस फिल्ममा दयाहाङ टाइटल क्यारेक्टरमा छन् । 'लुट' ले 'गोफ्ले' नामबाट परिचित गराएझैं 'भैरे' ले पनि आफूलाई नयाँ परिचय दिनेमा उनी विश्वस्त छन् । उनी भन्छन्, 'भैरे' को कथा मन पर्‍यो अनि छाड्न सकिनँ । यो मेरो टाइपको फिल्म बनेको छ ।'

'भैरे' सोसल ड्रामा हो । पहिलादेखि जसरी फिल्महरु बनिरहेका थिए त्यसैको एक अवधारण हो । यो कुनै ठाउँ विशेषको कथा हो भन्ने छैन । नेपालभरीको एक प्रतिनिधि गाउँमा सुटिङ गरिएको छ, जुन मुस्ताङ र अपरमुस्ताङमा खिचिएको छ', उनले भने ।

उनी 'भैरे' लाई पूर्ण कमर्शियल फिल्म भन्न चाहन्छन् । दर्शकलाई सोच्न विवश नबनाएपनि यस फिल्मले मनोरञ्जनको खुराक दिन नचुक्ने उनको दाबी छ । 'भैरे' तपाईको करिअरको फरक फिल्म हो ? उनी भन्छन्, 'त्यो त भन्दिनँ तर मेकिङको हिसाबबाट भने फरक भन्न सक्छु । निर्देशक एभरेष्ट सूर्य बोहरा 'मेन स्ट्रिम स्कूलिङ' बाट आउनुभएको हो । उहाँले फिल्ममा त्यही स्कूलिङ फलो गर्नुभएको छ ।' उनलाई फिल्मले राम्रो नतिजा ल्याउनेमा शंका छैन । यसमा दयाहाङको जोडी अभिनेत्री सुरक्षा पन्तसँग बाँधिएको छ । 'सान्नानीलाई भेट्न आउँदा' र 'सनम माया ला'को' गीतले फिल्मको हाइप मेन्टेन गरिरहँदा ट्रेलरले पनि दर्शकमा फिल्मप्रति चासो जगाइरहेको छ ।

## किन खोसियो निकिताको जागिर

नेपाली कांग्रेस नेतृत्वको सरकारको पालामा चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त भएकी निकिता पौडेलको पद वर्तमान सरकारले खारेज गरेको छ । बुधवार बसेको मन्त्रीपरिषद्को बैठकले भदौ १४ देखि फागुन २ सम्म देउवाको सरकारबाट भएका सबै राजनीतिक नियुक्तिहरु बदर गर्ने निर्णय गरेको थियो । जस अन्तर्गत आइतवार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विभिन्न निकायका अध्यक्ष र पदाधिकारीसहित १५ जनालाई नियुक्ति बदरको पत्र थमाएको छ ।

नियुक्ति बदरको पत्र पाउनेमा बोर्ड अध्यक्ष निकितासँगै सदस्य विजय देउजा, सेन्सर बोर्डका सदस्य उमेश खड्का र देवीराम पराजुली छन् ।

निकिता १५ वर्ष लामो बोर्डको इतिहासमा पहिलो महिला अध्यक्ष हुन् । बोर्ड अध्यक्षमा उनी गएको वर्षको मंसिर २५ गते नियुक्त भएकी थिइन् । राजनीतिक नियुक्ति हुने बोर्ड अध्यक्षको कार्यकाल २ वर्षको हुन्छ ।

## अब के हुन्छ बक्स अफिस ?

वर्षौंदेखि बहसमा मात्र सिमित रहेको बक्स अफिस प्रणाली चलचित्र विकास बोर्डको अध्यक्षको नियुक्ति बदरसँगै फेरि अन्यौलमा परेको छ । निर्वतमान बोर्ड अध्यक्ष निकिता पौडेलको सक्रियतामा बक्स अफिस जडानको प्रक्रिया अन्तिम चरणमा पुगेको थियो ।

हुनत, वर्तमान सरकारद्वारा जारी ०७५र०७६ को बजेटमा राजश्व संकलन गर्नका लागि आगामी आर्थिक वर्षबाट बक्स अफिस प्रणाली (ई-टिकेटिङ सिस्टम) लागू गर्ने बुँदा उल्लेख छ । अब सरकारको बजेटमा अटेको बक्स अफिसको बुँदा कार्यन्वयन हुन्छ वा हुँदैन ? त्यो हेर्न बाँकी छ ।

## "चिं मुसी चीं" को कन्सर्ट नै कन्सर्ट

आउँदो ११ श्रावणबाट प्रदर्शनमा आउने चलचित्र 'चिँ मुसी चीँ' टिम प्रचार अभियानका क्रममा देश दौडाहामा जुटेको छ । आजदेखि १० दिनसम्म देशका १४ शहरहरुमा कन्सर्ट आयोजना गरिने फिल्मका कार्यकारी निर्माता शिवराज कार्कीले जानकारी दिए ।

उक्त कन्सर्टमा चिँ मुसी चीँका प्रमुख कलाकारहरुका साथै नेपाल आइडलबाट चर्चित भएकी गायिका सुजाता पान्डेले पनि भाग लिनेछिन् । स्थानीय कलाकारहरुले उनीहरुलाई साथ दिनेछन् । कन्सर्टको सुरुवात बिराटनगरबाट हुनेछ । त्यसपछि क्रमशः बिराटनगर, बिर्तामोड, धरान, इटहरी, लालबन्दी, हरिवन, नारायणघाट, हेटौंडा, बुटबल, पोखरा, दमौली, ललितपुर, भक्तपुर र काठमाडौंमा कार्यक्रम गरिने निर्मात कार्कीले जानकारी दिए ।

दिनेश श्रेष्ठद्वारा निर्देशित यस चलचित्रमा सुनील क्षेत्री, एलिसा शर्मा सुशान्त कार्की, कमली वाइवा, सशांक बस्याल, सेखर सुवेदी, शिवराज कार्की लगायतको अभिनय रहेको छ । चलचित्रमा करण राज कार्कीले संगीत दिएका छन् भने सुजाता पान्डेले गाएको एउटा गीत लोकप्रिय रहेको छ ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Unwonted = एक्कासी पर्न आएको । आकस्मिक His unwonted interruption made me repeat all again from the beginning (उसले एक्कासि पुर्‍याएको बाधाले गर्दा सबै कुरा फेरि सुरुदेखि नै दोहोर्‍याउनुपर्ने भयो)

Vogue = सबैले मानेको ढाँचा । लोकप्रिय फेसन Jean pants have become vogue both among young men and women (जिन्सको पाइन्ट युवायुवती दुवैबीच लोकप्रिय भएको छ)

Waggish = हँसाउने खालको He is little bit waggish in his dealing (ऊ ठट्यौली पाराको छ)

Ambivalence = दोहोरो सोचाइ वा मान्यता हुनु He says that he loves his wife a lot one minute and hates her the next i.e. he is confused by the ambivalence of his feeling towards his wife एकै क्षणमा ऊ आफ्नी स्वास्नीलाई माया गर्ने कुरा गर्दछ तर उत्तिखेरै उनलाई घृणा गर्छु भन्छ । भनाइको मतलव ऊ स्वास्नीप्रतिको दोहोरो सोचाइको कारण भ्रमित छ ।

Bungle = व्यवस्थित तरिकाबाट गर्न नसक्नु Think well before accepting this job. If you bungle you will immediately be fired (यो काम सुरु गर्नुअगाडि राम्ररी सोच, व्यवस्थित तरिकाबाट गर्न सकेनौ भने तिमीलाई उत्तिखेरै हटाइनेछ)

Commensurate=अनुपातमा बराबरी Your salary will be commensurate with your level of performance (तिम्रो तलब तिमीले गर्ने कार्यसम्पादनको स्तर अनुरुप हुनेछ)

Digression = विषयवस्तुबाट बाहिरको कुरा Professor Smith can not stick to the topic of the lecture rather makes funny digression (प्रोफेसर स्मिथ आफूले दिने लेक्चरको विषयवस्तुमा मात्रै आफूलाई सीमित नगरी बाहिरको कुरा पनि गर्छन्)

Equivocate = भ्रम पारिदिने खालको Do not try to equivocate with me I want to have a straight answer (मलाई भ्रममा पार्ने कोसिस नगर म सिधा जवाफ चाहन्छु)

Forestall = घट्न सक्ने घटनालाई पहिले नै नियन्त्रण गर्नु Before becoming a business partner, forestall all the financial dealings so that you will have no misunderstanding (व्यापारमा साझेदार बन्नुअगाडि वित्तीय कुरालाई लिएर उठ्न सक्ने विवादलाई कसरी निप्ट्याउने भन्ने निर्क्योल गर जसले गर्दा पछि समस्या नपरोस्)

Gruesome = डरलाग्दो After the massacre, the spot looked very gruesome (आमहत्यापछि हत्यास्थल ज्यादै डरलाग्दो देखिन्थ्यो)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

फारमोसाको वर्तमान नाम के हो ?
- ताइवान

रगतको थेग्ला कुन पदार्थबाट बन्छ ?
- फ्राइबिन र कणिका

बर्फोस कुन देशको हतियारी कम्पनी हो ?
- स्वीडेन

डान कुन देशको प्रमुख समाचार पत्र हो ?
- पाकिस्तान

विश्वमा सबभन्दा बढी अखबार प्रकाशित हुने देश कुन हो ?
- अमेरिका

फिल्टर पेपर कुन पदार्थले बनेको हुन्छ ?
- सैलुलोज

कपडामा खियाको दाग लागेपछि कुन रसायन पदार्थबाट मेटाइन्छ ?
- अक्जेलिक एसिडको विलयनबाट

त्यो कुन बिरूवा हो जसको कुनै प्रकारको पात हुँदैन ?
- च्याउ

जल, थल र वायुमा घुम्ने माछाको नाम के हो ?
- ग्ररनाई

विश्वमा कुन चाहिँ रूखको फलबाट बेलुका नित्य वर्षा हुन्छ ?
- गरम क्षेत्रमा उत्पन्न हुने समानी समन

बाघजस्तो गर्जने पन्छीको नाम के हो ?
- बिर्टन

विश्वको कुनचाहिँ आक्रमणकारी सम्राट थियो जो जन्म्यो एउटा देशमा, मर्‍यो अर्को देशमा र गाडियो अर्को देशमा ?
- सम्राट सिकन्दर युनान-अफगानिस्तान- मिश्र

सूर्यबाट निस्कने कुनचाहिँ किरणबाट त्वचाको रंग कालो हुन्छ ?
- अल्ट्रावायलेटी रेन्ज

मलमा दुर्गन्ध कुन कारणबाट हुन्छ ?
- इन्डोल तथा सकेटौल भएको हुनाले

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go out with somebody = केटा वा केटीतिर लाग्नु Terry Has been going out with Mary for last five years टेरी विगत ५ वर्षदेखि मेरीसँग लागेको छ ।

Go over = विषयवस्तुमा जानु How did her speech go over ? उनको भाषण कस्तो गयो त ?

Go over with=सरसरति हेर्नु Engineer went over the house thoroughly and advised us not to buy इन्जिनियरले घर सरसरति हेर्‍यो र हामीलाई नकिन्ने सल्लाह दियो ।

Go over to = बसाइ सर्नु Many of Irish went over to US during the famine भोकमरीका कारण धेरै आइरिसहरुले अमेरिकातिर बसाइँ सरे ।

Go over to something = दल बदल्नु Many communists went over to democratic party after the fall of Soviet Union सोभियत संघको पतनपछि धेरै कम्युनिष्टहरु प्रजातान्त्रिक दलतर्फ लागे ।

Go over to somebody = स्वार्थ । कुरा लिएर जानु I never went over to my father for money पैसाको कुरा लिएर म कहिले पनि बुबासमक्ष गइनँ ।

Go round = चक्कर लाउनु The road was blocked because of landslide so we had to go round पहिरोले बाटो थुनेको कारण हामीलाई चक्कर लगाउनुपर्‍यो ।

Go through = पढ्नु Did you gp through today's dailies? आजको दैनिक पत्रिका पढ्यौं तिमीले ?

Go through with something = कुनै काम गर्ने निर्णय लिनु She decided not to go through with abortion तिनीले गर्भपतन नगराउने निर्णय लिइन ।

Go to somebody =कसैकोमा जानु Fund raised during Chrstmas will go to charity क्रिसमसमा जम्मा भएको कोष मानवीय कार्यको लागि जानेछ ।

## सुडोकु-अंक ११०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | ७ | ३ | ६ | | |
| | ४ | | | | | | ९ | ८ |
| | | | १ | | | | ४ | |
| १ | ९ | | | | २ | | | |
| | | ३ | | | | ८ | | |
| | | | ३ | | | | ५ | १ |
| | १ | | | | ५ | | | |
| ५ | २ | | | | | | ३ | |
| | ६ | ४ | २ | ७ | | | | |

## अंक १०९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ४ | ७ | २ | ३ | ५ | ९ | १ | ६ |
| ३ | १ | ९ | ४ | ७ | ६ | २ | ८ | ५ |
| ६ | २ | ५ | १ | ८ | ९ | ३ | ७ | ४ |
| ९ | ७ | ३ | ५ | १ | ८ | ६ | ४ | २ |
| १ | ६ | ४ | ७ | २ | ३ | ८ | ५ | ९ |
| ५ | ८ | २ | ६ | ९ | ४ | १ | ३ | ७ |
| २ | ३ | १ | ९ | ५ | ७ | ४ | ६ | ८ |
| ७ | ९ | ६ | ८ | ४ | १ | ५ | २ | ३ |
| ४ | ५ | ८ | ३ | ६ | २ | ७ | ९ | १ |

# सीप तालिम सिकाउँदै बाल विकास समाज















## जीवनोपयोगी सीप तालिम

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि सञ्चालन भइ रहेको जिवन उपयोगी सीप तालिमको सातौं हप्ता सम्पन्न भएको छ । उक्त तालिममा समालोचनात्मक सोचाइका बारेमा छलफल भएको हो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले सृजनात्मक सोचाइका बारेमा सिक्न पाउदा खुशी लागेको कुरा बताएका थिए । संस्थाले तालिममा जीवन उपयोगी सीपका १० वटा विषयका बारेमा हरेक हप्ताको शनीबार छलफल चलाइरहेको छ । यसबाट सहभागीहरुलाई जीवन उपयोगी सीपका बारेमा थाहा पाउनुका साथै आफ्नो दैनिक जीवनमा सिकेका कुरालाई कसरी लागू गर्दै लाने भन्ने सम्बन्धमा पनि उपायहरु सिकाउनु उनीहरुका लागि महत्वपूर्ण हुन्छ । यसैले सहभागीहरुलाई हरेक विषयमा ३ देखि ४ घन्टा छलफल गराइन्छ । विद्यालयको समन्वयमा सन्चालित यो तालिमले किशोरकिशोरीहरुलाई सकरात्मक परिवर्तनको मार्ग देखाएको छ । दशौं चरणको तालिममा समस्या समाधानका बारेमा छलफल गराइएको थियो । तालिममा किशोरकिशोरीहरुले सक्रियता पूर्वक सहभागिता जनाएका थिए । विशेषगरी किशोरावस्थामा तनावलाई व्यवस्थापन गर्न सकिएन भने विभिन्न जोखिमपूर्ण व्यवहारमा लाग्न सक्ने हुनाले पनि यो तालिमलाई महत्वका साथ लिइएको हो । किशोरावस्थामा विविध किसिमका समस्याले ग्रस्थ पार्ने हुनाले सो समस्याबाट छुटकारा पाउने उपायको बारेमा सहभागीहरुलाई छलफल गराइएको हो ।

## एस.इ.इ. मा उत्कृष्ट विद्यार्थीलाई सम्मान

चाँगुनारायण नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समिति चाँगुनारायण नगरपालिकाको आयोजनामा र चाँगुनारायण नगरपालिको साझेदारीमा नगर भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत निम्न आर्य भएका परिवारका बालबालिका, जेहेन्दार, असहाय तथा जोखिममा परेका ४० वटा विद्यालयका १०० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण कार्यक्रम असार २० गते चाँगुनारायण नगरपालिका वडा नं. ७, वागेश्वरी स्थित यातु महादेव मन्दिरको प्राङ्गण भक्तपुरमा सम्पन्न भएको छ । कार्यक्रमको सभाअध्यक्ष नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिका संयोजक कृष्णा कार्कीले गर्नु भएको थियो भने प्रमुख अतिथि चाँगुनारायण नगरपालिकाका प्रमुख सोम प्रसाद मिश्र रहेका थिए । त्यस्तै विशेष अतिथिमा चाँगुनारायण नगरपालिकाका उपप्रमुख बिना बास्तोलाले गर्नु भएको थियो । त्यस्तै अतिथिको रुपमा चाँगुनारायण, ताथली र खरिपाटी तीनै वटा स्रोत केन्द्रहरुका स्रोत व्यक्तिहरु, सुर्यविनायक नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिका संयोजक दिपक विसुङ्के, चाँगुनारायण नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिका सदस्य सचिव भरत थापा, बाल विकास समाजबाट प्रयसा के.सी. रहेका थिए । त्यस्तै कार्यक्रममा वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिका संयोजकहरु तथा सदस्य सचिवहरु, विद्यालयका प्र.अ. तथा शिक्षकहरु, अभिभावक, पत्रकार, बालबालिका आदि गरी करिब २०० जनाको सहभागीता रहेको थियो । कार्यक्रम संचालन समितिका सदस्य नवराज काफ्ले गरेको थिए ।

शैक्षिक सामग्रीमा ब्याग १ थान, कापी-२ दर्जन, कलम-६ वटा, पेन्सिल-१ दर्जन, इरेजर-५ वटा, ज्यामिति बक्स १ थान, कलर १ प्याकेट, कटर-२ वटा, ठुलो स्केल १ वटा र अक्स्पोड डिस्नेरी १ वटा थियो । कार्यक्रमको उद्देश्यको बारेमा समितिका सदस्य सचिव भरत थापाले जानकारी गराए । सामुदायिक विद्यालयको गुणस्तरलाई सुधार गर्न, निम्म आय भएका परिवारलाई आर्थिक भार कम गर्न, विद्यार्थीहरुलाई पढन प्रोत्सहान गर्नको लागि यस कार्यक्रमको आयोजना गरिएको कुरा सदस्य सचिवले जानकारी दिए । समितिको बैठकको निर्णय अनुसार १ देखि १० जनासम्म विद्यार्थी भएका विद्यालयलाई १ जना, १ देखि ५० जनासम्म विद्यार्थी भएका विद्यालयलाई २ जना र ५० जना भन्दा माथि विद्यार्थी भएका विद्यालयलाई ३ जनाका दरले विद्यालयलाई समितिले पत्रचार गरिएको थियो । त्यस्तै कार्यक्रममा नगर भित्रका सामुदायिक विद्यालयबाट २०७४ सालको एस.इ.इ परिक्षमा उत्कृष्ट ल्याउने एक जना छात्रा र एक जना छात्रलाई प्रशंसा पत्र र नगर पाँच पाँच हजारका दिई प्रशंसा प्रत्र दिएको थियो । जसमा छात्र तर्फ चाँगुनारायण न.पा. वडा नं. १ स्थित श्री चाँगुनारायण मा.वि. का चित्र नेपाल र छात्रा तर्फ वडा नं. ९ स्थित श्री देवी मा.वि. की श्री सजना त्वाटि थिए र यी छात्र छात्रालाई प्रशंसा पत्र र नगद कार्यक्रमको प्रमुख अतिथि श्री सोम प्रसाद मिश्रले दिएका थिए ।

यस कार्यक्रमले बालबालिकाको बाल अधिकारलाई सुनिश्चित गर्दै शिक्षाको गुणस्तरलाई बढुवा दिन लागेको कुरा कार्यक्रममा प्रमुख अतिथि मिश्रले बताए । साथै उपस्थित हुन सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिदै शिक्षालाई न त कसैले चोर्न सक्ने, न त अंश बन्डा नै गर्नु पर्ने, न त कसैलाई दिदा रितिने, जस्ता प्रेरणादाय भनाईको बारेमा जानकारी कार्यक्रमको सभाध्यक्षले गर्नु भयो ।

**गोविन्द वि क/भरत थापा**

## मौद्रिक नीति...

मौद्रिक नीतिले शेयर लगानीकर्ताको माग सम्बोधन गर्न नसकेको बताएका छन् । साताको अन्तिम दिनको कारोबार १३.६६ अंकले ओरालो लागेको छ । शेयर लगानीकर्ताले शेयर कर्जामा रहेको मार्जिन कलको सीमा ५० प्रतिशतबाट बढाउन माग गरेकोमा त्यो सम्बोधन भएन ।

मौद्रिक नीतिले बैंक वित्तिय संस्थाको नाफामा लगाएको संकुचनको असर बैंक वित्तीय संस्थाको सेयरमा देखिएको छ । ५ प्रतिशत रहेको निक्षेप र कर्जाको व्याजदर ४.५ प्रतिशत पुऱ्याएकाले वाणिज्य बैंक विकास बैंक र फाइनान्स कम्पनीको नाफामा असर पार्नेछ । यस्तै माइक्रोफाइनान्सको कर्जालाई व्यवस्थित गर्दा विगतमा जस्तो माइक्रोफाइनासले नाफा कमाउन सक्ने छैनन् ।

## राष्ट्रिय...

नसकिएका हुन् । ०६७ साउनबाट सुरु गरिएको र ०७३ मा सम्पन्न गर्ने भनिएको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत आयोजनाको लागत सुरु गर्दा ३५ अर्ब २१ करोड अनुमान गरिएको थियो । यो अझै सम्पन्न भएको छैन । १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजनाको अवस्था पनि उस्तै छ । यो आयोजनाको कुल लागत २ अर्ब ५० करोड अनुमान गरिएको छ । ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको पश्चिम सेती जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन नै भइसकेको छैन ।

गौतम बुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य कहिले पूरा हुने हो भन्न सक्ने अवस्था छैन । यो आयोजना २०१५ मा सुरु भएको हो र २०१७ डिसेम्बरमा सम्पन्न हुने अपेक्षा थियो । सबै किसिमका विमान उडान र अवतरण हुन सक्ने अत्याधुनिक विमानस्थलका रुपमा प्रस्ताव गरिएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बाराले मुलुकको पर्यटकीय गतिविधि अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने जुन अपेक्षा गरिएको छ त्यो पनि निर्माण प्रारम्भको चरणमा प्रवेश गर्न सकेको छैन ।

मेलम्ची खानेपानी आयोजनाले पाँच चरणमा गरी काठमाडौं उपत्यकामा ३० लाख जनसंख्यालाई खानेपानी पुऱ्याउने लक्ष्य लिए पनि त्यो अझै अधुरो छ । ०५८।५९ मा सुरु भएको यो आयोजना ०७३।७४ मा सम्पन्न गर्ने लक्ष्य लिइए पनि सम्भव भएको छैन । सुरुको ३१ अर्ब ७३ करोडबाट लागत ३५ अर्ब ५४ करोड पुगिसकेको छ । पाँचथरको चियाभन्ज्याङदेखि पश्चिम बैतडीको झुलाघाटसम्म पुग्ने पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आव ०६४।६५ बाट सुरु भए पनि निर्माण सकिएको छैन । हुलाकी लोकमार्गको प्रगति २७.५ प्रतिशत मात्र छ । उत्तरदक्षिण (कोसी) लोकमार्ग, बाँकेको सिक्टा सिंचाइ आयोजना, भेरी बबई बहुउद्देश्यीय आयोजना, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, रेल्वे तथा मेट्रो विकास आयोजना सबै लथालिंग अवस्था छन् । निर्माणको सुस्त गतिले समृद्ध नेपाल कहिले बन्छ ?

## झर्दैछ...

विश्वास नै गरे । कांग्रेस नेतृत्वको सरकार भ्रष्टाचारमा चुर्लुम्म डुब्नु, विदेशी शक्तिद्वारा निर्देशित रहनु, आर्थिक वृद्धिदर झन तल झर्नु, सुशासनको प्रत्याभूति जनताले गर्न नसक्नु, विकास निर्माणका कामले गति लिन नसक्नु, शैक्षिक बेरोजगारको संख्या बढ्नु, जनताको जीवनस्तर खस्किँदै जानु जस्ता कारणले नेपाली जनताले वैकल्पिक शक्तिका रुपमा वामपन्थीहरुलाई रोजेको विश्लेषण गलत छैन ।

संघीय समाजवादी फोरम समेत सरकारमा सहभागी भएपछि ओली नेतृत्वको कम्युनिस्ट सरकार दुईतिहाई बहुमतको हैसियतमा रहेको छ । कम्युनिस्ट सरकारको लक्ष्य समाजवाद रहेको भनिँदैछ । नेपालको संविधानको प्रस्तावनामा नेपाललाई समृद्ध राष्ट्र बनाउन समाजवादप्रति प्रतिबद्ध रहने भनिएको छ । संविधानको धारा ४ मा नेपाल राज्यको परिभाषा गर्दा समाजवाद सन्मुख राज्य भनिएको छ । संविधानले परिकल्पना गरेको समाजवाद वर्गीय, जातीय र लैंगिक भेदभावबाट मुक्त समाजको स्थापना हो जहाँ मानव सशक्तिकरणको अवस्था उच्चतर हुन्छ । तर ओली सरकार अहिले जसरी चलिरहेको छ त्यसले समाजवादको गोरेटो समेत पहिल्याउन सक्दैन भनेर दाबा गर्ने प्रशस्त आधारहरु सतहमा देखिएका छन् । भ्रष्टाचार रोकिएको छैन । तस्करीको संजालको ऐना सुनकाण्डले देखाएकै छ । बजार अनियन्त्रित छ । बजेट भाषणपछि दैनिक उपभोग्य वस्तुहरुको मूल्य अकासिएको छ । शेयर बजार अस्तव्यस्त छ । बजारमा हस्तक्षेप गर्ने वैकल्पिक संयन्त्र सरकारसँग छैन । नाम मात्रको बजार अनुगमनको नौटंकी देखाइरहेको छ सरकार । कम्युनिस्ट सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटले विपन्न जनताको जनजीविकाको सवाललाई कत्ति पनि सम्बोधन गर्न सकेको छैन । अहिले मत दिने मतदाता नै पछुतो गर्न थालेका छन् । सरकारका लागि यो शुभ संकेत होइन ।

जब मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक भयो, त्यसले नै प्रस्ट पारिसकेको छ कि यो सरकार हुँदाखाने जनताको होइन, हुनेखानेहरुकै रहेछ । आफूलाई सर्वहारा वर्गका मसिहा ठान्ने कम्युनिस्ट नेताहरु जमिन र जायजाथका अचाक्ली मालिक देखिए । राजनीति जनसेवाका लागि गरिने लोकतान्त्रिक मानयता छ । तर नेपाली कम्युनिस्ट भनिनेहरुले गरेको राजनीति धननीति मात्रै रहेछ भन्ने छर्लंग भएको छ । कम्युनिस्ट त जनतालाई छक्याउने एक ट्रेडमार्क मात्र रहेछ । वास्तवमा पुँजीवादीहरुले चुनाव जितेका रहेछन् भन्न बाध्य छन् सर्वसाधारण । नेपाली जनताले फेरि अर्को विकल्प र आन्दोलनको खोजी गर्नुपर्ने बाध्यात्मक अवस्था जबरजस्त बन्दैछ । यदि सरकार साँच्ची नै कम्युनिस्ट सरकार हो र उसको लक्ष्य समाजवाद हो भने त्यहाँ पुग्न सरकारसँग दुईतिहाईको शक्ति समेत छ । भेनेजुयलामा जब ह्युगो चाभेज दुईतिहाई बहुमतका साथ राष्ट्रपतिमा निर्वाचित भए उनले संविधानमा समाजवादलाई रोक्ने धाराहरु सबै संशोधन गरे । ब्राजिलमा लुला राष्ट्रपतिमा निर्वाचित भएपछि समाजवादको ढोका ढक्ढक्याए । गाल्डोमा, निकारागुवा, गुएनाका वामपन्थी सरकारहरु समाजवादको यात्रामा छन् । तर नेपालमा जुन समाजवादी व्यवस्थाको वकालत गरिएको छ त्यो तान्जिनिया, गिनिविसाउ र श्रीलंकाकै जस्तो छ । यी कसैले पनि मार्क्सवादको आदर्शतालाई पछ्याउन सकेका छैनन् । बहुदलीय प्रतिस्पर्धाबाट सरकारमा पुगेका थुप्रै देशका कम्युनिस्ट सरकारहरु पतन भएका छन्, राजनीतिक वर्चस्व फेरि अरु दलले कायम गरेका उदाहरण प्रतिस्पर्धाबाट सरकारमा पुगेका थुप्रै देशका कम्युनिस्ट सरकारहरु पतन भएका छन्, राजनीतिक वर्चस्व फेरि अरु दलले कायम गरेका उदाहरण छन् । ओली सरकार पनि अहिले सत्तामा छ तर यसले समाजवाद लागू गर्ने हैसियत राख्दैन ।

नाकाबन्दीताका ओलीले लिएको राष्ट्रवादले निर्वाचनमा राम्रै मूल्य पायो । तर त्यो वाह वाह अहिले छैन । राष्ट्रवादका चर्को कुरा गर्ने तर नेपाली सीमा मिचिएको विषय भारतसँग उठान नगर्ने, भारतले दशगजा क्षेत्र मिचेर सीमा क्षेत्रमा खडा गरेका बाँध पुल लगायतका संरचना भत्काउ भन्न नसक्ने, नेपाली कृषि उत्पादनलाई भारतीय बजारमा निषेध गरिँदा समेत बोल्न नसक्ने हुतिहारा यो सरकारसँग जनताले के अपेक्षा गर्ने ? काठमाडौंका सडक बनाउन अल्छी गर्ने अनि पानीजहाज र रेलको सपना देख्ने ओली सरकारप्रति जनताको मोहभंग हुँदै जानु स्वाभाविक छ ।

## पिकोन्ट...

गर्नुभयो । नाकाबन्दीको बेला चीनले गरेको सहयोग र ओलीको पहिलो चीन भ्रमणताका सम्झौता भएको व्यापार पारवहन सन्धिको प्रोटोकलमा यसपालिको भ्रमणमा दुवै पक्षबाट हस्ताक्षर हुनुपर्नेमा कसको इसारामा ओलीले सो विषयलाई थाँती राखेका हुन् ? राष्ट्रवादी नेपाली जनताले थाहा पाउनुपर्ने बताउनुभयो ।

भ्रमणताका चिनिया उच्च नेतृत्वसँग किन लिपुलेकबारे कुरा भएन । त्यो पनि खुलस्तरुपमा नेपाली जनतालाई थाहा दिनुपर्छ भन्दै ओलीको राष्ट्रवादी छविमा दिन परदिन ग्रहण लाग्न थालिसकेको परिप्रेक्ष्यमा नेपाली जनताले बेलैमा राजनीतिक विकल्पबारे सोच्नुपर्ने सल्लाह दिनुभयो । सरकार चलाउन आवश्यक सुविधाको प्रचण्ड बहुमत हुँदाहुँदै पनि मधेसी दलहरुलाई सरकारमा ल्याई सदनमा दुईतिहाइ बहुमत पुऱ्याउनुले कतै मधेसी दलहरुको विखण्डनकारी मागलाई संवोधन गर्ने त होइन भन्दै नेपाली जनताले अब धेरै सजग र चनाखो हुनुपर्ने दिन आएको बताउनुभयो । भेलालाई सम्वोधन गर्दै नेकपा मालेका पोलिटब्युरो सदस्य तथा बुद्धिजीवि विभाग प्रमुख सुरेन्द्र ढकालले आफूलाई समाजवादी भन्ने गिरिजा नेतृत्वको कांग्रेस सरकारले मित्रराष्ट्रहरुले बनाइदिएका उद्योगहरु उदारीकरणको नाममा कौडीको मूल्यमा बिक्री गरी अन्ततोगत्वा बन्द गरेको बताउनुभयो । उहाँले प्रत्यक्ष र अप्रत्यक्ष गरी १२ लाख युवायुवतीहरुलाई रोजगार दिई वर्षको ३३ लाख वर्गमिटरसम्म गलैंचा निर्यात गर्न सफल गलैंचा उद्योगलाई घरेलु उद्योगबाट हटाइ ठूलो उद्योगको कोटिमा राखी करको दायरामा जवर्जस्ती ल्याएको बताउनुभयो । उहाँले यही कारण गलैंचा उद्योग अवसान भई नेपाली युवायुवतीलाई विदेशमा कठिन, फोहोरी र खतरनाक काम गर्न जान बाध्य पारेको बताउनुभयो । ढकालले भन्नुभयो- आज देशले हुण्डिमा बाँच्नुपर्ने दिन आएको वास्तविकतालाई औंल्याउँदै मजदुर आन्दोलन बन्द गरिएका उद्योगहरु पुनः खोल्न र देशमा नै युवायुवतीलाई रोजगार दिन सरकारलाई बाध्य पार्नेतर्फ केन्द्रित हुनुपर्ने बेला आएको बताउनुभयो । उहाँले भन्नुभयो- अबका मजदुरका माग भनेको न्यूनतम ज्याला नभई सामाजिक रुपबाट बाँच्न सकिने सामाजिक ज्याला, स्वच्छ तथा सफा वातावरणमा सुरक्षित किसिमबाट काम गर्न पाउने हक र स्वास्थ्य बिमा जस्ता हकहरुको प्रत्याभूति गर्नेतर्फ केन्द्रित हुनुपर्छ र त्यसको नेतृत्व पिकोन्टले लिनुपर्छ ।

भेलामा शुभकामना मन्तब्य व्यक्त गर्दै अनेरास्ववियु पाँचौंका अध्यक्ष घनश्याम मिश्रले विद्यार्थीहरुले जसरी शिक्षाको ब्यापारीकरणको विरुद्धमा आन्दोलनलाई व्यापक बनाइरहेका छन् त्यसैगरी मजदुरहरुको समसामयिक हकहरु प्रतिस्थापित गर्न पिकोन्टले आन्दोलनको अगुवाइ गर्नुपर्ने र त्यस्मा विद्यार्थीहरुले पनि ऐक्यबद्धता जनाउने बताउनुभयो । भेलालाई काठमाडौं जिल्लाको तर्फबाट उपेन्द्र काफ्ले तथा ललितपुर जिल्लाको तर्फबाट स्थानीय नेताहरुले सफलताको शुभकामना दिनुभएको थियो । तीन दिनसम्म चल्ने उक्त भेलाले पिकोन्टको नयाँ नेतृत्व चयन गर्ने बताइएको छ ।

नियात्रा —— **खोमदत्त बराल**

# बेलायतको सेरोफेरो-२६

२०६८/०४/१७

विविसीको घुमाउने घर । रर्वट विल्डीङ्ग भनिदो रहेछ । निकै ठूलो निकै क्षेत्र ओगटेको । भव्य भवन । सुन्दर अति सुन्दर । यसैको छेउबाट अघि बढ्दै इम्पेरियल कलेजको भव्य भवनलाई दाइ पट्टि पार्दै अघि बढियो । यो इम्पेरियल कलेज निकै धेरै क्षेत्र ढाकेर बेलायतको मुटुमा खडा छ । यसै बाटोबाट रेल टेसानमा पुगिदैछ । टेसनमा पुग्न भुइतलाबाट मानौं कि भूमिगत भने पनि हुन्छ । निकै अधेरो बाटोबाट पार गरेर टेसनमा पुगियो । टेसनमा ओष्टर कार्डले काम गरेन । खर्च घटेछ । पैसा थप गरेर पावर चढाइयो । ओष्टर कार्डले काम गऱ्यो । यो मेरो रेलका टिकट जस्तो । शुरु ठाउँबाट तोकिएको ठाउँसम्म एउटै टिकटले पुऱ्याउँछ । तर यो ओष्टर कार्डमा पटकपटक पैसा थप्नु पर्छ । तर एउटै कार्डले धेरै समय काम चल्छ ।

दुई ठाउँमा रेल चेन्ज गरेर उलवीच आइपुगियो । कोठामा प्रवेश भयो । छोरी अडा तले काठमाण्डौको घरलाई बास बस्ने घर चाहि बाबाले बनएको रहेछ । अवस्थाले मानिसलाई ठिक ठाउँमा ल्याउँछ । जीवनसंग सम्झौता गर्न मानिसलाई समयले सिकाउँदो रहेछ । सानी छोरी काठमाण्डौको नेपाल इञ्जीनियरिङ्ग कलेजमा पढ्थिइन् दुई अढाइ वर्षको पढाइमा साथी भाइसंग चिनजान स्वभाविक हुन्छ । एक जना प्रतीक पोहदार म्याथमा अलि बढी चासो राख्ने युवक थिए । उनले म्याथमा निकै सहयोग पुऱ्याए । तर पछि छोरी पनि आफ्नो म्याथ विषयमा राम्ररी ज्ञान गर्न सफल भइन । म्याथमा खासै समस्या परेन । प्रथम श्रेणीमा पास गरेर बेलायत पढ्न विचारमा थिइन । यी आमाबाबुले छोरीलाई पढाउन हरसम्भव सहयोग गर्नु नै पर्ने थियो । पढ्न अंग्रेजी भाषाको शिक्षाका लागि व्यवस्था पनि भयो । अंग्रेजी पनि पास गरिन ।

छोरीले आफ्नो पढाइको समयमा नै एक जना असिम खडका संग अलि गाडा साथी बनाइछन् सायद, जीवन साथीको रुपमा सपनासंगालेको खबर माताजीका कानमा पुऱ्याएछन् । म बाबु भएको कारणले पनि उनको इच्छामा सहजीकरणको भुमिकामा आफूलाई आश्वास्त तुल्याए । पैदल यात्रामा आफ्ना पाइला गन्ने मात्र हो । दुःख सुख आफैमा पर्छ । गाडी हवाई जहाजको यात्रा संयन्त्रको क्षमता पनि हो । अरु जोखिमको विषय पनि पर्छ । काठमाण्डौ फिर्ने क्रममा ५ बजे DLR को ट्रेन टिपियो । पाँच सात टेसन हिडेपछि फेरी अर्को Jubilec Line को ट्रेन पकेर अघि बढ्दै जाँदा लण्डन व्रिजमा अर्को Piccadiling Line चढेर हिथ्रो हवाई अड्डामा दुई घण्टाको बाटो पार गर्दै पुगियो । भिक्टोरिया लाइनमा चढ्नै परेन ।

बेलाको राग कुवेलको वैराग के अर्थमा लिनु पर्छ । पिकाडेलीमाको ट्रेन चढ्ने समयमा प्रशस्त भिड थियो । चढनलाई निकै कठिन पनि पऱ्यो । दुईटा सुडकेस । २०/२० किलो समान थियो । केटाकेटीले गुडाउने सम्म सहज हुने तर बोक्नै पर्दा भने गाह्रौ नै थियो । बल्ल बल्ल चढिाये । केटाकेटी आफ्नो आफ्नो साइड लागे । आफू भित्र पस्न मात्र सकिएको थियो । एक जना राम्रै सेतो ज्यानको पोथिजानको मानिस ज्यानसंग जोतिदै चढिन् । उनको चाहना भन्दा बाध्यता नै होला । उनका गतिला कुल्चेडाले ढाडसंग मितेरी लाए । धल्ने ठाउँ पनि थिएन । दुई चार मिनेट ठेलम ठेलाको सेवा रह्यो । यस्ती अवस्थामा पर्ना आत्मिक रुपमा चक्षु सम्बन्धले मित्र सम्म टटोल्न सहयोग पुऱ्यायो । उनले तुलसीको माला लगाएको कारणले पनि आत्मियताको उजा र आमा प्रस्फुटन भएको हुनु पर्छ । वास्तवमा ऋषिमुनी र आध्यात्मिक चिन्तनमा लागेका आत्मा चिन्तकहरुलाई शरीर सम्बन्धको लोभले छुदैन रे । तृष्णा नियन्त्रणमा रहन्छ रे । उनमा रहेका आकर्षक दृष्टिले दिव्य दृष्टिको रुपमा विकसित भएको भए ध्यान तपस्याको केही माम विकसित हुँदै रहेको आत्मा चिन्तनको मूल्याङ्कन गरेको पनि हुन सक्छ । तर बोलने र छलफल गर्दा पाउने अवसर भएन । नजिकमा पर्न पाएको भए आदरपूर्वक केही ध्यान तपस्या, आत्माज्ञान आत्मा चिन्तनको सन्दर्भमा विचार विमर्स र सत्संगको प्रयास हुने थियो । करिब दुई घण्टा नै लागयो हिथ्रो पुग्न । भित्र पुगेर झण्डै एक घण्टा सामान जोखाएर बोडिङ्ग पास लिन लाग्यो ।

*क्रमशः*

## जीर्ण...

६०१ नम्बरको स्तम्भ पुनः निर्माण गर्नुपर्ने र थप अर्को स्तम्भ नदीले बगाएका कारण नयाँ निर्माण गर्नुपर्ने देखिएको छ । सीमा क्षेत्रमा तीन प्रकारका स्तम्भ बनाइएका छन् । मुख्य स्तम्भ जंगेपिलर मध्यम खालका सहायक स्तम्भ र सानो आकारका तीन थरीका स्तम्भ छन् । मुख्य स्तम्भ ३७ मध्ये ३२ जीर्ण छन् । ४० सहायक स्तम्भमध्ये ३५ मर्मत गर्नुपने देखिएको छ ।

स्तम्भ मर्मत पुनः निर्माण र नयाँ निर्माणका लागि दुई देशको संयुक्त टोलीले निर्माण गर्नुपर्ने प्रावधान छ । नेपालले चाहेर मात्र सीमा स्तम्भ मर्मत सम्भव हुँदैन । दाङभित्र ८३ किलोमिटर दूरीमा नेपाल भारत सीमा क्षेत्र पर्छ । सीमा स्तम्भ निर्माण भएको समय बितिसक्दा पनि मर्मत हुन नसक्नुले नेपाली भूमि भारतीय पक्षबाट अतिक्रमित हुने दिनानुदिन बढ्दो छ । नेपाल भारत सीमामा देउखुरी क्षेत्रका चार गाविसका ६ वडा पर्छन् । गोबरडिहा, कोइलाबास, बेला र राजपुर गाविसका ६ वडा सीमा क्षेत्रमा छन् । सीमामा २२ विभिन्न नाका छन् । सीमा सुरक्षाका लागि स्थापना भएको सशस्त्र प्रहरी सीमा सुरक्षा कार्यालय सीमादेखि ३६ किमि वर राजमार्ग छ । सीमा सुरक्षाका लागि कोइरालाबासमा एउटा बिओपी छ ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी) पाँच पाँच किलोमिटरको दूरीमा विओपी बनाएर बसेको छ । नेपाली सीमा सुरक्षा बल भने ८३ किमिभित्र एउटा मात्र छ ।

नेपाल भारत नापी विभागका उच्चस्तरीय कर्मचारी टोलीले सुनसरी र भारतको विहार राज्यसँग जोडिएको दशगजा क्षेत्रका सीमा स्तम्भको अध्ययन अनुगमन गर्दा कम्तीमा २० सीमा स्तम्भ हराएको पाइएको छ । सुनसरी र भारतको विहार राज्यसँग जोडिएको दशगजामा २३८ जंगेमझौला र साना सीमा स्तम्भ छन् । कोशी ब्यारेज क्षेत्रबाट दुवै देशका नापी प्रमुख, नापी अधिकृत तथा संरक्षण कर्मचारीसहितको टोलीले दशगजा क्षेत्रमा रहेका सीमास्तम्भको अनुगमन गरेको हो । हरिपुरको भन्टाबारी, साहेबगन्ज र कप्तानगन्जको दशगजा क्षेत्रमा अतिक्रमण गरेर संरचना बनाउने जस्ता काम भएको पाइएको छ ।

चितवन निकुञ्ज र बाँदरझुला क्षेत्रको अनुगमन गर्दा केही पिलर पञ्चनाला हुँदै बाल्मिकीतर्फ जाने खोलामा परेकाले पिलर नभएको पाइएको छ । पिलर भएको क्षेत्रमा अहिले नदी रहेको छ । क्षेत्रमा ४२ पिलर थिए भने अन्य निकुञ्जदेखि ठोरीसम्म गरी ८९ पिलर छन् । विगतदेखि नै हराएको भनिएको ६३ नम्बरको पिलर भने भेटिएको छ । अनुगमनमाअन्य १२ पिलर भने बनाउनुपर्ने अवस्थामा छन् । दक्षिण चितवनको मादी नगरपालिकास्थित सोमेइवा क्षेत्र र बाल्मिकी क्षेत्र चितवनसँग जोडिएका सीमा क्षेत्र हुन् ।

## देशैभर...

उनका सहयोगीलाई हेलिकप्टरबाट उद्दार गरी काठमाडौं पठाइएको काठमाडौं पठाइएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले जानकारी दिए । बनेपाको पुण्यमाता नदीमा बाढी आउँदा बनेपा पुलबजारदेखि धनेश्वरसम्म डुवानमा परेको इलाका प्रहरी कार्यालय बनेपाले जनाएको छ । वर्षका कारण आएको बाढीले बनेपा-८ स्थित जीवन नकर्मीको निमार्णाधीन घरमा बस्ने मजदुरहरु अलपत्र परेपछि सेनाले उद्धारसमेत गरेको थियो ।

अरनीको राजमार्ग बनेपा पुलबजार खण्ड विहान २ बजेदेखि बाढीका कारण ९ घण्टासम्म अवरुद्ध भएको थियो । बनेपा, धनेश्वर, लगायतका स्थानका घरहरुको पहिलो तल्लामा बाढी पस्दा राति भागाभाग भएको थियो ।

विभिन्न ठाउँमा आएको बाढी र पहिरोका कारण बीपी राजमार्ग र अरनिको राजमार्गमा रोकिएको यातायात बिहीबार दिउँसोदेखि सुचारु भएको छ । भर्खरै निर्माण कार्य सकेर सुचारु भएको मुग्लिन-नारायणघाट सडक खण्ड भासिएर सवारी आवागमनमा बाधा परेको छ । उता महाकाली नदीको जलसतह बढेर खतराको चिन्ह नाघेको छ । महाकाली नदीका जलाधार क्षेत्रका बस्तीहरुलाई सतर्क रहन सूचना गरिएको छ । पहिरोका कारण मध्यपहाडी राजमार्गका विभिन्न सडक खण्डमा पनि अवरोध उत्पन्न भएको छ । जलवायु तथा मौसम विज्ञान विभागले शनिबारसम्म मुलुकभर झरी अविरल रुपमा पर्ने भएकाले बाढी पहिरोको सम्भावित खतराबाट सतर्क रहन सचेत गराएको छ ।

## पर्यटनमन्त्री...

पछिल्लो समयमा पूर्व मण्डलेहरुको साहित्यिक संस्थालाई समेत यिनले रकम निकासा दिएर प्रगतिवादी साहित्यिक संघसंस्थाहरुमाथि घोर पक्षपात गरेका छन् ।

मन्त्री अधिकारीले लाउडा काण्डका योजनाकारमध्येका हरिभक्त श्रेष्ठलाई हवाई विज्ञका रुपमा नियुक्त गरेपछि उनको रकमी चेहरा सार्वजनिक भएको छ । लाउडा घोटालासम्बन्धी मुद्दामा विशेष अदालतले श्रेष्ठलाई सफाइ दिए पनि सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ । भ्रष्टाचार प्रकरणमा मुछिएका श्रेष्ठलाई मन्त्री अधिकारीले विज्ञताको सर्टिफिकेट दिनु आश्चर्यजनक छ ।

वाइडबडी जहाजको सम्झौता गर्दा जुन टेकअप क्षमताको सम्झौता गरिएको थियो सोही सम्झौता बमोजिमको नल्याएर कम क्षमताको जहाज ल्याउनुले मन्त्री अधिकारीको नियतमा खोट रहेको सर्वत्र चर्चा छ । वाइडबडीमा मन्त्री अधिकारीले व्यापक अनियमितता गरेको र अख्तियारले त्यसको छानबिन गर्नुपर्ने माग जनस्तरबाट आइरहेको छ ।

## यताका...

आन्दोलनमा सिपिआईले प्याडिकल समूहका रुपमा काम गरेको थियो । सन् १९४२ को भारत छोड आन्दोलनमा यसले रुस समर्थक नीति लियो र आलोचित पनि भयो ।

सन् १९४७ मा ब्रिटिसहरुले सत्ता हस्तान्तरण गर्दै भारत छोडे । सिपिआईले सशस्त्र विद्रोहको कार्यनीति लियो । सन् १९४८ मा भारतीय राष्ट्रिय कांग्रेसले सिपिआईमाथि भयंकर दमन नीति अपनाएपछि सिपिआईले कार्य दिशा परिवर्तन गऱ्यो र संसदीय राजनीतिमा सहभागिता जनायो । सन् १९५१ मा भारतमा पहिलो लोकसभाको चुनाव सम्पन्न भयो । त्यसबेलादेखि सबै लोकसभा निर्वाचनमा कम्युनिस्टहरुको स्थिति भारतीय केन्द्रीय रजनीतिलाई प्रभावित गर्ने प्रदर्शित भएको थियो । सन् १९९६ मा ज्योति बसुलाई प्रधानमन्त्री बन्ने अवसर समेत आएको थियो । तर त्यसलाई वैचारिक शुद्धताका नाममा सिपिएमका युवाहरुले ठुकराइदिए ।

भारतीय कम्युनिस्टहरुले रुपान्तरणको बाटो कहिल्यै समातेनन् । मार्क्सवादी शास्त्रीय दर्शकलाई आधार बनाएर पार्टीका गतिविधि सीमित गरे । केन्द्रीय सरकारमा साझेदारी गर्ने पटक पटकका अवसरलाई पनि भारतीय कम्युनिस्टहरुले सदुपयोग गरेनन् । सन् २००९ मा भएको पन्ध्रौं लोकसभा निर्वाचनमा कम्युनिस्टहरु २० स्थानमा विजयी भएका थिए । युपिए गठबन्धन सरकारमा कम्युनिस्टहरुलाई सहभागिता जनाउन कांग्रेस अध्यक्ष सोनिया गान्धीले अनुरोध गरे पनि कम्युनिस्टहरुले सत्ता बाहिरै रमाउने मन गरे । सन् २००४ को चौधौं लोकसभा निर्वचनमा कम्युनिस्टहरुले ४३ स्थानमा विजय प्राप्त गरेका थिए । यो बेला पनि कम्युनिस्टहरुलाई सरकारमा रहेर काम गर्ने मौका मिलेको थियो । सरकारमा गएर सुधार विकास एवं जनपक्षीय कामहरु गर्न इच्छुक नहुनु उनीहरुको ठूलो गल्ती थियो । सधैं सत्ता बाहिर बस्ने आदर्शका कुरा गर्ने अनि जनताका पक्षमा माखो नमार्ने कम्युनिस्टहरुको चालाले उनीहरुलाई जनताबाट टाढा बनायो । जब तत्कालीन प्रधानमन्त्री क. मनमोहन सिंहले अमेरिकसँग परमाणु सहकार्य गर्न सम्झौता गरे कम्युनिस्टहरुले सिंह सरकारलाई दिएको समर्थन फिर्ता लिए । यहीँदेखि कम्युनिस्टहरुको दुर्गति सुरु भएको हो । सरकार बाहिर बसेर सरकारको समर्थन गर्ने कम्युनिस्टहरुको नीतिले जनमतलाई सधैं बेवास्ता गर्ने काम मात्र गऱ्यो । यसले जनता र कम्युनिस्टहरुको दूरी बढायो र मतदाताले कम्युनिस्टलाई मत दिनुको अर्थ देखेनन् । यही कारण सीताराम यचुरी प्रकाश करात जस्ता नाम कहलिएका धड्कान कम्युनिस्ट नेता । यसपटकको निर्वाचनमा पछारिए ।

भारत स्वतन्त्र भए लगत्तै निकै लोकप्रिय देखिएका भारतका कम्युनिस्ट पार्टीहरु पछि टुटफुट र गलत नीतिको सिकार हुँदै गए । १९५१ मा भएको पहिलो आम निर्वाचनमा ३ सय ६४ सदस्यीय लोकसभामा कम्युनिस्ट पार्टी अफ इन्डियाले १६ सिट जितेको थियो । सन् १९५७ मा भएको दोस्रो आम निर्वाचनमा वामपन्थीहरुले २७ सिट जिते । सो निर्वाचनमा कम्युनिस्ट पार्टीका महासचिवले देशभरिमै दोस्रो लोकप्रिय मत पाएका थिए । त्यसैगरी सन् १९६२ मा भएको तेस्रो लोकसभा निर्वाचनमा कुल चार सय ९४ सिटमध्ये कम्युनिस्ट पार्टीले २९ र कांग्रेसले ३७९ सिट जितेको थियो । सन् १९६७ मा भएको चौथो आम निर्वाचनमा सिपिआई २३ सिटमा विजयी भयो भने सिपिएम १९ सिटमा विजयी भयो । दुई वामपन्थी दलको कुल सिट ४२ पुगेको थियो । वामपन्थीक लागि सो निर्वाचन परिणाम उत्साहप्रद थियो । सन् १९७१ मा भएको पाँचौं आम निर्वाचनमा वामपन्थी दलहरुले थप सफलता पाए सिपिएमले २२ र सिपिआइले २३ सिटमा विजय हासिल गरे ।

सन् १९७७ को छैटौं आम निर्वाचनमा सिपिआईले जम्मा ७ सिट सिपिएमले २२ सिट गरी जम्मा २९ सिटमा विजयी भए वामपन्थीहरु । त्यसैगरी सन् १९८० मा भएको सातौं लोकसभा निर्वाचनमा वामपन्थी दलहरुले थप सफलता पाए । सो निर्वाचनमा सिपिएमले ३६ र सिपिआईले ११ गरी ४७ स्थानमा जित हात पारे । सन् १९८४ को आठौं निर्वाचनमा सिपिएमले २२ सिट जित्यो । त्यसैगरी १९८९ को नवौं लोकसभा निर्वाचनमा सिपिएमले ३३ सिट र सिपिआईले १० सिट जितेका थिए । १९९१ को दशौं लोकसभा निर्वाचनमा सिपिएमले ३५ र सिपिआईले १४ गरी ४९ सिट जितेका थिए । सन् १९९९ को तेह्रौं आम निर्वाचनमा वामपन्थीहरु ३७ स्थानमा विजयी भए । २००४ को चौधौं निर्वाचनमा ४३ सिटमा वामपन्थी दलले विजय हासिल गरेका थिए ।

सन् २००९ को पन्ध्रौं लोकसभा निर्वाचनमा वामपन्थीहरुले २० स्थानमा जिते । सो निर्वाचनमा भारतीय कम्युनिस्ट पार्टीले चार सिट र सिपिएमले १६ सिट जितेका थिए । सन् २०१४ को १६ औं लोकसभा चुनावमा वामपन्थीहरुले ११ स्थानमा मात्र जित्न सफलता पाएका छन् । निर्वाचन परिणामले भारतीय वामपन्थीहरुको हैसियत खुम्चिँदै गएको देखिएको छ । अब १७ औं लोकसभाको निर्वाचन नजिकिँदै छ । भारतीय राजनीतिमा चुनावी रङ चढिसकेको छ । कंग्रेस आई र सत्ताधारी भारतीय जनता पार्टीबीच दोहोरी चलिरहेको छ । महात्मा गान्धीलाई राष्ट्रिय स्वयंसेवक संघले हत्या गरेको आरोप कंग्रेस अध्यक्ष राहुल गान्धीले लगाएपछि भारतीय जनता पार्टी त्यसको प्रतिवादमा उत्रिएको छ । यसलाई मुद्दा बनाउँदै गान्धीलाई अदालतको कठघरामा उभ्याउने प्रयत्न भइरहेको छ । तर भारतीय कम्युनिस्टहरुको भने चुनावी चहलपहल अहिलेसम्म देखिएको छैन । भारतीय कम्युनिस्टहरुले आसन्न लोकसेवा निर्वाचनमा आशातीत विजय हासिल गरेर आफ्नो पुरानो साख फर्काउन सक्छन् वा सक्दैनन् त्यो हेर्न बाँकी नै छ ।